# अध्याय एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय पाँचथर बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आवश्यकता पुरा गर्ने प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ समस्या कथन

पठन बोध एक महत्त्वपूर्ण शैक्षणिक कार्यकलाप हो । जसले विद्यार्थीको पठन बोध विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षा क्षेत्रमा विशेषतः भाषा शिक्षणका क्षेत्रमा विद्यालय तहदेखि नै पठन बोध सम्बन्धी बिषय वस्तुहरू समावेश गरिएका पाइन्छन् । विद्यार्थीहरूले पठन बोधमा के कस्तो दक्षता प्राप्त गरेका छन् ? र उनीहरूले आफूले पढेका कुराहरू प्रति के कति रूपमा भित्री अभिप्राय अभिव्यक्ति गर्न सक्दारहेछन् ? भन्ने बिषय यस अध्ययनको समस्याको रूपमा रहेको छ । यस अध्ययनमा ग्रामीण तथा सहरी क्षेत्रका, सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली मातृभाषी तथा दोस्रो भाषी विद्यार्थीहरू बिच र छात्र र छात्राबिचको पठन बोधको स्थिति के कस्तो रहेको छ भन्ने पक्षलाई समस्याका रूपमा लिइएको छ ।

**प्रस्तुत जिल्लाका विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित समस्याहरू निम्न बमोजिम रहेका छन् :-**

१. उच्च माध्यमिक विद्यालय कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता कस्तो छ ?

२. भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूको पठन बोध क्षमता के कस्तो छ ?

३. लैङ्गिक आधारमा छात्र र छात्राको पठन बोध क्षमता कस्तो छ ?

४. सामुदायिक तथा संस्थागत उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता के कस्तो छ ?

५. ग्रामीण तथा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता कस्तो छ ?

६. उक्त तहका विद्यार्थीलाई पठन बोध क्षमता विकासको लागि कस्तो सुझाब दिन सकिन्छ ?

## १.४ अध्ययनका उद्देश्यहरू :-

**प्रस्तुत अध्ययनलाई निश्चित लक्ष्यमा पुऱ्याउन निम्नलिखित उद्देश्यहरू रहेका छन् :-**

१. उच्च माध्यमिक विद्यालय कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता पहिल्याउनु ,

२. नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूको पठन बोध क्षमता पत्ता लगाउनु ,

३. छात्र र छात्राबिचको पठन बोध क्षमता पहिचान गर्नु ,

४ सामुदायिक तथा संस्थागत उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता पत्ता लगाउनु ,

५. ग्रामीण तथा सहरीक्षेत्रका विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमताको स्थिति पहिल्याउनु ,

६. उक्त तहका विद्यार्थीहरूलाई पठन बोध क्षमता विकासको निम्ति सुझाब दिनु ।

## १.५ पूर्व कार्यको समीक्षा

वि.सं. २०१६ सालमा नेपालमा त्रिभुवन विश्व विद्यालयको स्थापनापछि वि.सं. २०३९ सालदेखि मानविकी तथा समाज शास्त्र र वि.सं. २०४१ देखि शिक्षाशास्त्र सङ्काय मार्फत नेपाली भाषाका विविध क्षेत्रमा शोधकार्यहरू भएको देखिन्छ । वि.सं. २०४२ साल देखि हालसम्म भाषा पाठ्यक्रम, भाषा पाठ्य पुस्तक, वाल साहित्य, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, शब्द भण्डार, शिक्षण विधि, शिक्षण सामग्री, भाषिक मूल्याङ्कन, शैली विज्ञान आदि विविध विषयमा धेरै अनुसन्धान भएका छन् (भट्टराई, २०६७/०६८ : ७) ।

मानविकी तथा समाज शास्त्रतर्फ साहित्य र शिक्षाशास्त्र सङ्कायतर्फ भाषा शिक्षण सम्बन्धी अनुसन्धान बढी भएको पाइन्छ ।

कुनै पनि अनुसन्धान गर्नु पूर्व विगतमा त्यस सम्बन्धी भएका अध्ययनहरूको समीक्षा गर्नु नै पुर्व कार्यको समीक्षा हो । विगतले वर्तमानलाई अगाडि बढाउन उत्साहित गर्ने हुँदा प्रस्तुत अनुसन्धानलाई उद्देश्य मूलक बनाई सही मार्गमा हिँडाउन प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनको अध्येता मार्फत विभिन्न तहका विद्यार्थीको पठन बोध क्षमताको अध्ययन भएको पाइन्छ । जसलाई निम्न बमोजिम उल्लेख गरिन्छ ।

प्रा.डा. केदारप्रसाद शर्मा त्रि.वि.वि.,द्वारा वि.सं. २०५२ सालमा **प्राथमिक तहका नेपाली भाषा बिषयका सरकारी पाठ्य पुस्तकको बोध गम्यता** सम्बन्धी अध्ययन गरिएको पाइन्छ ।

गुरूप्रसाद गौतम उपाध्यायद्वारा वि.सं. २०६० सालमा **कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । जसका उद्देश्यमा कक्षा ९ मा अध्ययरत विद्यार्थीहरूको पठन बोध क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि, क्षेत्रीयता, स्थानीयता र लैङ्गिकताको आधारमा पठन बोध क्षमताको पहिचान गरी पठन बोध वृद्धि गर्न सुझाब दिने निष्कर्ष समेत निकालिएको पाइन्छ (गौतम २०६०) ।

लेखनाथ पोखरेलले वि.सं. २०६१ सालमा **कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । उक्त अध्ययनमा कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूको अध्ययन कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूको लैङ्गिक, ग्रामीण तथा सहरी परिवेश तथा भाषिक पृष्ठभूमिका आधारमा पठन बोध क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउने उद्देश्यमा केन्द्रित भएर पठन बोध विकासका लागि सुझाब दिने निष्कर्ष रहेको पाइन्छ (पोखरेल, २०६१) ।

शान्ति खनालले वि.सं. २०६२ सालमा **काठमाडौँ उपत्यकामा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा अध्ययन गरेको पाइन्छ । जसमा काठमाडौं उपत्यकाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, लैङ्गिक, स्थानीयता तथा निजी र सार्वजनिक विद्यालयका आधारमा विद्यार्थीहरूको पठन बोध क्षमता पहिल्याई तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखिएको छ (खनाल २०६२) ।

कृष्णप्रसाद ज्ञवालीद्वारा वि.सं. २०६३ सालमा **कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । उक्त

अध्ययनमा  कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिता, जातीयताका आधारमा पठन बोध क्षमता पहिल्याई तुलनात्मक विश्लेषण गर्ने उद्देश्यहरू राखिएको छ (ज्ञवाली, २०६३) ।

दिव्यकला अधिकारीले वि.सं. २०६४ सालमा **कक्षा ६ पुरा गरेका विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । यस शोधकार्यमा कक्षा ६ पुरा गरेका विद्यार्थीहरूको पठन बोध क्षमता पहिल्याउनु, विद्यार्थीहरूको स्तरीयता, भाषिक पृष्ठभूमि, लैङ्गिक भिन्नता, विद्यालयको प्रकृतिका आधारमा पठन बोध क्षमताको अभिवृद्धिका लागि उपायहरू पहिल्याउनु जस्ता उद्देश्यहरू राखेर अध्ययन  भएको पाइन्छ (अधिकारी, २०६४) ।

हेमन्त खड्काद्वारा वि.सं. २०६४ सालमा **मा.वि.तहमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा अध्ययन गरेका छन् । यस अध्ययनमा मा.वि. तह  (८, ९, १०) मा अध्ययन गर्ने विद्यार्थीहरूको पठन बोध क्षमता पहिल्याउने लैङ्गिक, स्थानीयता, भाषिक पृष्ठभूमिका आधारमा पठन बोध क्षमता पहिचान गरी तुलना गर्ने उद्देश्य रहेको छ (खड्का, २०६४) ।

तुलसीराम शर्माले (२०६५) **दाङ जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययनमा दाङ जिल्लाका कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिक भिन्नता, जातीयताका आधारमा पठन बोध क्षमता पहिल्याइ तुलनात्मक विश्लेषण गर्ने उद्देश्यहरू राखिएको छ  जसमा पठन बोध विकासका लागि के कसरी गर्न सकिन्छ भन्ने कुरामा सुझाब पनि दिइएको पाइन्छ (शर्मा, २०६५) ।

कविता कटुवाल (वि.सं. २०६६) सालमा **कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । जसमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको सरकारी र निजी, मातृभाषी र विमातृभाषी, छात्र र छात्रा, ग्रामीण र सहरीका आधारमा पठन बोध क्षमताको स्थिति पत्ता लगाउने उद्देश्यमा केन्द्रित रहेको देखिन्छ  ती उद्देश्य पुरा गर्न विश्लेषणात्मक प्रक्रिया अपनाइ कमजोरी सुधारका लागि सुझब समेत पेस गरेको पाइन्छ (कटुवाल, २०६६) ।

धनपति दाहालले (वि.सं. २०६७) सालमा **झापा जिल्लाका उच्च माध्यमिक तह (कक्षा १२) मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा

शोधकार्य पुरा गरेको पाइन्छ । जसमा कक्षा १२ मा अध्ययरत विद्यार्थीको पठन बोध क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयको पठन बोध क्षमता पत्ता लगाउनु, नेपाली मातृभाषी र विमातृभाषीका आधारमा, छात्र र छात्राका आधारमा, ग्रामीण र नगरपालिका क्षेत्रका आधारमा दृष्टांश र अदृष्टांश पाठ्य उद्धरणका बिच पठन बोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नुका साथै पठन बोध सम्बन्धी कमिकमजोरीहरू पहिचान गरी आवश्यक उपाय पहिचान गर्ने उद्देश्यहरूमा रहेर अनुसन्धान गरेको पाइन्छ। उक्त उद्देश्य पुरा गर्नका लागि दुवै गद्यांशमा ग्रामीण तथा नगरपालिकाका साथै निजी र सार्वजनिक विद्यालयका विद्यार्थीबिचको पठन बोध क्षमताको तुलना गर्नु र प्राप्त निष्कर्षको आधारमा पठन बोध क्षमताको विकासका लागि आवश्यक सुझाब समेत उल्लेख गरिएको पाइन्छ (दाहाल, २०६७ : ४) ।

भोजकुमारी खनालले (बि.सं. २०६८) सालमा **इलाम जिल्लाका निम्न माध्यमिक तह (कक्षा ६) मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य पुरा गरेको पाइन्छ । जसका उद्देश्यहरूमा इलाम जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता पहिल्याउनु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा पठन बोध क्षमता पहिचान गर्नु, लैङ्गिकता र जातीयताका आधारमा पठन बोध क्षमताको पहिचान गर्नुका साथै उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूमा पठन बोध सम्बन्धी देखिएका कमि कमजोरीहरू पहिचान गरी सुधारका लागि आवश्यक सुझाब दिने निष्कर्ष समेत निकालिएको पाइन्छ (खनाल, २०६८ : २) ।

## १.६ अध्ययनको औचित्य

उपयोगिता विनाको शोधकार्य परिणाममुखी र उपलब्धिमूलक नहुने भएकाले यहाँ उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन विश्लेषण र मूल्याङ्कन गरी उनीहरूको कमिकमजोरी हटाउन, उचित मार्ग निर्देशन सहित सल्लाह र सुझाब दिनुका साथै विद्यार्थीहरूलाई पठन बोध क्षमतामा विकास गर्नु प्रस्तुत शोधपत्रको औचित्य रहेको छ ।

पठन बोध क्षमताको विकास भए पछि लेखकको भावना अध्ययन विपरीत भएर बुझ्ने बानी पाठ्यक्रममा हुँदैन । पठन बोध क्षमताको विकास भएको व्यक्ति लेखकले

लेखेका शब्द र वाक्यको अर्थ बुझ्नमा मात्र सीमित हुँदैन, विद्यार्थीहरूमा पठन बोध क्षमताको विकास भएमा लेखकले लेखेका विचार र भावनालाई आफ्नो प्रतिक्रियामा व्यक्त गर्ने क्षमताको पनि विकास हुन्छ । विद्यार्थीहरूमा शब्दभण्डार क्षमतालाई प्रभावकारी ढङ्गले उपयोग गर्ने अपेक्षा प्रस्तुत शोध अध्ययनबाट गरिएको छ। उच्च माध्यमिक तहका विद्यार्थीहरूको पठन बोध क्षमता पहिचान गरी सोही बमोजिमका क्रियाकलापमा सरलता सहजता मिल्ने अपेक्षा पनि यस शोध अध्ययनबाट गरिएको छ । कुनै पनि तहका विद्यार्थीहरूको पठन बोध क्षमता सम्बन्धी अध्ययन गर्न चाहने अध्येताहरूलाई प्रस्तुत अध्ययनले सन्दर्भ सामग्रीको रूपमा भूमिका निर्वाह गर्ने छ।

यसरी यो अध्ययन उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको विभिन्न दृष्टिले तुलनात्मक अध्ययन गर्नु, अध्ययनका क्रममा विद्यार्थीको पठन बोध सम्बन्धी कमिकमजोरी पत्ता लगाउनु र पठन बोध क्षमता सुधारका लागि आवश्यक सल्लाह तथा सुझाब प्रस्तुत गर्नु यस अध्ययनको औचित्य रहेको छ । विगतमा पठन बोध क्षमता सम्बन्धी विभिन्न विद्वान् तथा शोधार्थीबाट विभिन्न जिल्लामा केन्द्रित भई भिन्नभिन्न तहका विद्यार्थीहरूको पठन बोध क्षमता सम्बन्धी अध्ययन गरेता पनि ताप्लेजुङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता सम्बन्धी अध्ययन यो नै प्रथम अध्ययन भएकाले प्रस्तुत अध्ययन औचित्य पूर्ण रहेको छ।

## १.७ अध्ययनको सीमाङ्कन

शोधको क्षेत्र र सीमा स्पष्ट भएमा मात्र शोध प्रभावकारी र व्यवस्थित हुने देखिन्छ। त्यसैले यस अनुसन्धान प्रस्तावका उद्देश्य परिपूर्ति गर्न निम्न रूपमा सीमाङ्कन गरिएको छ :-

१. ताप्लेजुङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ ,
२. ताप्लेजुङ जिल्ला भित्रका ६ वटा उच्च माध्यमिक विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीहरूमा मात्र सीमित छ ,
३. यो अध्ययन ताप्लेजुङ जिल्लाका ३ वटा सहरी र ३ वटा ग्रामीण क्षेत्रका उच्च माध्यमिक विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित छ ,

४. उक्त विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको परीक्षणबाट प्राप्त अङ्कको आधारमा विश्लेषण गरिएको छ ,

५. भाषिक पृष्ठभूमि, स्थानीयता, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन गरिएको छ ।

## १.८ अध्ययन विधि

अनुसन्धान कार्यलाई व्यवस्थित अध्ययन विश्लेषण गर्न आवश्यक मापदण्ड चाहिन्छ । आफूले निर्धारण गरेको शोध शीर्षकको आधारमा अध्ययनका लागि सम्बन्धित विद्यालयमा गई आवश्यक मापदण्ड र सिद्धान्तलाई उपयोग गरी अध्ययनलाई अगाडि बढाउँदा व्यवस्थित हुनका साथै प्रभावकारी हुने देखिन्छ ।

**प्रस्तुत अध्ययन तयार गर्न निम्न लिखित प्रक्रिया अवलम्वन गरिएको छ ।**

### क) प्राथमिक स्रोत :-

प्रस्तुत अध्ययन ताप्लेजुङ जिल्ला भित्रका उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गर्न सम्वन्धित विद्यालयमा गएर स्थलगत अध्ययन गरी विद्यार्थीहरूलाई नै केन्द्रविन्दु बनाएर नमुना सर्वेक्षण विधिको प्रयोग गरी सामग्री सङ्कलन गरेर यो अध्ययन पुरा गरिएको छ ।

यस अध्ययनलाई पुरा गर्न पूर्व परीक्षणको लागि भिन्नाभिन्नै प्रकृतिका ३ वटा दृष्टांश र ३ वटा अदृष्टांश गद्यांश छनोट गरिएको थियो । छनोटमा परेका गद्यांशहरूलाई श्री भञ्ज्याङ उ. मा. वि. का नेपाली मातृभाषीका १५ जना र दोस्रो भाषीका १५ जना भित्र १५ जना छात्र र १५ जना छात्रा पर्ने गरी जम्मा ३० जना विद्यार्थीहरू छनोट गरी ती विद्यार्थीहरूलाई समान प्रकारका दृष्टांश र अदृष्टांश गद्यांशका ३/३ वटा प्रश्न पत्र वितरण गरिएको थियो । यसरी पूर्व परीक्षण गरिएका उत्तर पुस्तिकाहरूलाई सङ्कलन गरी जाँचिएको थियो । उत्तर पुस्तिका परीक्षणका क्रममा विद्यार्थीहरूले लेखेको उत्तरका आधारमा अति उत्तम उत्तरलाई २ अङ्क, उत्तमलाई १.५ अङ्क, मध्यमलाई १ अङ्क र निम्नलाई ०.५ अङ्क दिइएको तथा उत्तर नलेखेको वा पुरा गलत उत्तर लेखेको लाई कुनै पनि अङ्क दिइएको थिएन । परीक्षणका क्रममा शैली, वर्ण विन्यास, शृङ्खला र सिप तथा

कौशलतालाई पनि औचित्य र विशेषता हेरी अङ्कनमा धेरै र थोरै दिइएको थियो । यसरी हेर्दा पठन बोध सम्बन्धी अध्ययन गर्नका लागि यस अध्ययनमा अन्य विधिका साथै मुख्य रूपमा तुलनात्मक विधिमा नै आधारित भएर अध्ययन अनुसन्धानलाई व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । यस अध्ययनलाई पुरा गर्नका लागि ताप्लेजुङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीलाई आधार मानिएको छ । जसका लागि ताप्लेजुङ जिल्लाका ग्रामीण तथा सहरी क्षेत्रका विद्यार्थीहरू बिचको पठन बोध क्षमता पहिचान गर्ने उद्देश्यमा मुख्य रूपले आधारित छ ।

यस अध्ययनमा ताप्लेजुङ जिल्लाका सम्पूर्ण विद्यार्थीहरूलाई समेट्न नसकिएकाले उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत सहरी र ग्रामीण क्षेत्रभित्रका ३/३ वटा उच्च माध्यमिक विद्यालयका ३०/३० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिई अध्ययन गरिएको छ । यस अध्ययनमा दृष्टांश तथा अदृष्टांश गद्यांशका आधारमा उक्त विद्यालयका छात्र र छात्राबिचको पठन बोध क्षमताको पनि तुलना गर्ने प्रयास गरिएको छ । साथै संस्थागत र सामुदायिक उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूबिचको पठन बोध क्षमताको पनि तुलना गर्ने प्रयास गरिएको छ । यसमा नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरू बिचमा पनि तुलना गर्ने प्रयास गरिनुका साथै दृष्टांश र अदृष्टांश बिचको प्राप्ताङ्क पनि तुलना गरी अध्ययन कार्य पुरा गरिएको छ ।

यस अध्ययनलाई पुरा गर्नका लागि दृष्टांश र अदृष्टांश गद्यांश मार्फत उक्त विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमताको परीक्षण गरिएको छ । जुन कुरालाई अध्याय तिनमा व्याख्या तथा विश्लेषण गरिने छ । जसमा सबै विद्यार्थीहरूलाई समान प्रश्न पत्र वितरण गरिएको र जसका लागि दुवै प्रश्नमा गरी ४० मिनेटको समय र २० पूर्णाङ्कको अङ्कभार पनि विभाजन गरिएको छ । यस अध्ययनलाई पुरा गर्न प्राथमिक स्रोत साङकलन गर्न अध्ययनकर्ता स्वयम्ले प्रश्नपत्र निर्माण गरी सम्बन्धित विद्यालयको छनोट गरिएको छ । अध्ययनकर्ता सम्बन्धित विद्यालयमा गई विद्यार्थीहरूको छनोट गरी प्रश्न पत्र वितरण गरेको र विद्यार्थीले लेखेको उत्तरको आधारमा विद्यार्थीको प्राप्ताङ्क प्रस्तुत गरिएको छ । यस अध्ययनमा विद्यार्थीले ल्याएको प्राप्ताङ्कको आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

**ख) द्वितीयक स्रोत :**

द्वितीय स्रोतका रूपमा सन्दर्भ पाठ्यक्रम, पाठ्यपुस्तक, यस अनुसन्धानसँग सम्बन्धित पुस्तक, शोधपत्र, सम्बन्धित कार्यपत्र, प्रतिवेदन, विज्ञका राय सुझाबहरू, पहिले भएका पूर्वकार्यहरूको पुस्तकालयीय अध्ययनबाट द्वितीयक सामग्री सङ्कलन गरी यो अध्ययन पुरा गरिएको छ । अध्ययनका क्रममा उपभोग गरिएका स्रोत सामग्रीहरूको सन्दर्भ अङ्कन गरिएको छ । यसरी प्रस्तुत अध्ययनलाई व्याख्या विश्लेषण गर्न मूख्यत तुलनात्मक विधिका साथै वर्णनात्मक विधिको पनि अवलम्बन गरिएको छ ।

## १.९. शोधपत्रको रूपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई : सैद्धान्तिक परिचय

अध्याय तिन : पठन बोध क्षमताको व्याख्या विश्लेषण

अध्याय चार : पठन बोध क्षमताको तुलनात्मक स्थिति

अध्याय पाँच : उपसंहार

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

# अध्याय दुई
## सैद्धान्तिक परिचय

यस परिच्छेदमा बोध सम्बन्धी सैद्धान्तिक परिचय प्रस्तुत गर्नुका साथै बोधका बारेमा व्याख्या गरिएको छ । यस अन्तर्गत बोध को परिचय, बोधका प्रकार, पठन बोधको महत्त्व पठन बोधका चरणहरू र पठन बोधमा प्रभाव पार्ने तत्त्वहरूका बारेमा विस्तृत रूपमा व्याख्या गरिएको छ ।

### २.१ बोधको परिचय

'बोध ' शव्द बुध् धातुमा 'ञ' प्रत्यय लागेर बनेको हो । जसको अर्थ 'बुझ्नु' हो । यसरी हेर्दा कुनै पनि लिखित वा मौखिक अभिव्यक्तिलाई पढेर वा सुनेर त्यसको मुल आशय पत्ता लगाउनु बोधको कार्य हो । भाषाका आदानात्मक र प्रदानात्मक सिप मध्ये बोध आदानात्मक सिप अन्तर्गत पर्दछ । कुनै पनि कुरा अभिव्यक्ति गर्नुभन्दा पहिले सो कुरा बुझ्नु पर्ने हुन्छ । त्यसैले बोधलाई अभिव्यक्तिको पूर्व सर्तका रूपमा लिनुपर्ने हुन्छ । व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास हुनु भन्दा पहिले बोध क्षमताको विकास भएको हुन्छ । त्यसैले बोध भन्नाले बुझ्ने, सोच्ने र स्मरण गर्ने कार्य हो । बोधलाई निम्नलिखित परिभाषामा देखाउने प्रयास गरिएको छ ।

सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता ज्ञान, अनुभव, समझ, सोच, सम्झना अनुभूति महसुस आदिलाई बोधका रूपमा परिभाषित गर्न सकिन्छ (नेपाली बृहत शब्दकोश, २०६७ : ९३९) ।

बोध भनेको 'सुनेर वा पढेर बुझ्ने क्षमता वा सिप जान्ने वा बुझ्ने काम, समझ, ज्ञान, जानकारी' लाई बुझिन्छ (पोखेल, दाहाल र अन्य ,२०५८ :९२९ ) ।

भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यत : सुनेका र पढेका सामग्रीहरूको अर्थ बुझाइ भए पनि व्यापक रूपमा कुनै मौखिक, लिखित वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो (शर्मा र पौडेल, २०६७ : ११५) ।

भाषिक क्षमताको दुई महत्त्वपूर्ण पक्ष :- बोध र अभिव्यक्ति हुन् । सामान्यतः बोध भनेको बुझ्नु हो र अभिव्यक्ति भनेको बुझेको वा अनुभव गरेको कुरा व्यक्त गर्नु हो । त्यसैले कुनैकुरा व्यक्त गर्न सोको बोध हुनु आवश्यक हुनेहुँदा अभिव्यक्तिका लागि बोध

पूर्वावश्यक सर्तका रूपमा रहन्छ । यसको अर्थ व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास सुरु हुनुभन्दा पहिले बोध  क्षमताको विकास हुन थालिसकेको हुन्छ (अधिकारी, २०५७ : ११५) ।

भाषिक सन्दर्भ अनुसार बोधको सामान्य अर्थमा भाषा शिक्षण सिकाईका सन्दर्भमा भाषिक अभिव्यक्तिको बुझाइ भन्ने बुझिन्छ भने व्यापक अर्थमा मौखिक वा लिखित रूपमा रहेका सामग्रीहरूको भित्री अभिप्राय वा रहस्यको मर्म बुझ्नु बोध हो ।

यसरी हेर्दा कुनै पनि व्यक्तिले व्यक्त गरेका आफ्ना मौखिक वा लिखित धारणालाई कोहि कसैले सुनेर वा पढेर बोध गर्ने हुन्छ । सुनेर बोध गर्नु श्रुतिबोध हो भने पढेर बोध गर्नु पठन बोध हो ।

क्याम्ब्रीज अन्तराष्ट्रिय शब्दकोशले कुनै पनि अवस्था तथ्यको सचेत तथा पूर्ण रूपले बुझ्ने क्षमता र अभ्यास जसले प्रश्नहरू सोचेर अथवा पढ्न दिएर विद्यार्थीको बुझाईलाई जान्ने प्रक्रिया भनि अर्थ्याइएको पाइन्छ । अङ्ग्रेजी भाषामा बोध लाई ‘कम्प्रिहेन्सन’ भनिन्छ , जसको अर्थ दिमागी कार्य, समझ शक्ति, भाषिक क्षमताको विकास वा परीक्षणका निम्ति प्रयोग गरिने प्रयास भन्ने हुन्छ ।

माथि उल्लेख गरिएका बोध  सम्बन्धी विविध परिभाषा तथा अर्थका आधारमा बोध शब्द पठन बोधसँग बढी सम्बन्धित छ । पठन र बोध  दुवै स्वतन्त्र शब्द हुन् । ‘पठन’ भनेको पढ्ने हो भने ‘बोध ’ भनेको बुझ्नु हो । लिपिबद्ध रूपमा उदृत भाषिक सामग्रीलाई आँखा र दिमागको उपयोगबाट गहन रूपमा अध्ययन गरी त्यसको मूल मर्म र विचार ग्रहण गर्न सक्ने क्षमता नै बोध हो । बोध शब्दलाई बुझ्ने क्षमता, समझ, ज्ञान, अनुभव, सम्झना, सोच, सम्झने शक्ति, भाषिक क्षमताको विकास, दिमागी कार्य ग्रहण गर्ने शक्ति आदिका रूपमा लिन सकिन्छ ।

## २.२ बोधका प्रकार

२.२.१ श्रुतिबोध

२.२.२ पठन बोध

### २.२.१ श्रुतिबोध

श्रुतिबोध  भनेको सुनेर बुझ्ने काम, सुनाइबाट हुने बुझाइ, त्यस्तो प्रक्रिया वा क्षमता (प्रयोगात्मक नेपाली शब्दकोश, २०६८ : ९४७) । कुनै पनि व्यक्ति वा सञ्चारका

माध्यमबाट व्यक्त भएका मौखिक विचारहरूलाई सुनेर बोध गर्नु नै श्रुतिबोध हो । यो श्रव्यकला विकासको महत्त्वपूर्ण आधार हो । श्रुतिबोधले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्दछ । भाषाका बोध  र अभिव्यक्ति पक्ष मध्ये श्रुतिबोध  बोध  वा ग्रहण पक्षसँग सम्बन्धित छ । श्रुतिबोध लाई अभिव्यक्तिको पूर्वसर्तका रूपमा हेरिन्छ । जुन कुरा राम्रोसँग सुनिँदैन वा बुझिँदैन त्यसलाई राम्ररी अभिव्यक्त गर्न पनि सकिँदैन । बोध  विनाको सुनाइ निरर्थक हुन्छ जसलाई वास्तविक सुनाइ भनिँदैन । श्रुतिबोध  मौखिक भाषाको बोध भएकाले यसमा आवश्यकता अनुरूप वक्ताको हाउभाउ, अङ्ग सञ्चालन, चेष्टा, अनुतान-लय, आघात, स्वर, सङ्केत जस्ता भाषिकेत्तर तत्त्वलाई मूल भाषिक अभिव्यक्तिसँग मुछेर बुझ्ने कोसिस गर्नुपर्दछ ( अधिकारी, २०६३ : २७) । श्रुतिबोध  विनाको अभिव्यक्ति प्रभावकारी नहुने तथा एउटै कुरा पटक पटक दोहोरिने सम्भावना भएकाले कुनै कुरा अभिव्यक्ति गर्नु पूर्व वक्ताले बोलेका कुरालाई राम्रोसँग सुनेर बुझ्ने प्रयास गर्नुपर्दछ । श्रुतिबोधमा भएको कमजोरीले गर्दा व्यक्तिको सोचाइ, बोलाइ तथा काम गराइमा समेत लेखाइ जस्ता सीपमा समेत असर पुग्दछ । जसको निराकरणका लागि श्रुतिबोधमा सचेतता अपनाउनु पर्दछ ।

सुनाइका माध्यमबाट कुनै पनि भाषाका ध्वनिहरूको पहिचान गर्न, आशय बुझ्न मनोरञ्जन गर्न, भाषाका विभिन्न रूपको बारेमा थाहा पाउन श्रुतिबोध बाट सहयोग पुग्दछ (लामिछाने, २०६७ : ९५) । भाषाको विकास श्रुतिबोध बाटै हुने गर्दछ । श्रुतिबोध  विकासका लागि घरपरिवार, छरछिमेक, साथीभाइ, समुदाय र विद्यालयको सुरुका वर्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । श्रुतिबोध  प्रारम्भिक कक्षाका विद्यार्थीहरूको ज्ञान प्राप्तिको महत्त्वपूर्ण माध्यम हो । उपल्ला कक्षाहरूमा पठन बोधका माध्यमबाट पनि ज्ञान आर्जन गर्न सकिन्छ । त्यसैले श्रुतिबोधको निरन्तरता भने घट्दै गएता पनि यसको महत्त्व तथा आवश्यकता भने रहिरहन्छ । श्रुतिबोध  ग्रहणात्मक सिपको पहिलो खुड्किलो हो (अधिकारी, २०६३ : २८) । व्यक्तिले जति बढी सुन्ने र सुनाउने अवसर पाउँछ त्यति बढी श्रुतिबोध क्षमताको विकास हुन्छ । विद्यार्थी जीवनमा यो अझ महत्त्वपूर्ण छ । कुनै पनि विद्यार्थी श्रुतिबोधमा कमजोर छ भने भाषाका अन्य सिपहरूमा उ स्वभावैले कमजोर ठर्हछ ।

विद्यार्थीहरूको उमेर, रुचि, क्षमता एवम् स्तर आदिको आधारमा श्रुतिबोध  क्षमता विकास गर्ने सामग्रीहरू तयार पारिन्छ । जसका लागि विभिन्न कथा, कविता, चुट्किला,

मुक्तक, नाटक रोचक प्रसङ्गहरू तथा अन्य अंशहरूको सङ्कन गरी उपयोग गर्नुकासाथै स्तर अनुकूल ज्ञानवर्दक एवम् उपयुक्त ढाँचामा आधारित सामग्रीहरू हुनुपर्दछ ।

श्रुतिबोध बाट नै व्यक्तिका सम्पूर्ण कार्यकलापहरू सञ्चालित हुन्छन् । भाषा सिकाइका प्रारम्भिक कार्य नै सुनाइबाट हुने हुँदा व्यक्तिको व्यावहारदेखि लिएर सामाजिक कार्यका लागि समेत सुनाइको महत्त्वपूर्ण स्थान रहेको छ (लामिछाने, २०६७ : १०२) । यसैले समग्रमा के भन्न सकिन्छ भने श्रुतिबोध  भाषा शिक्षणको आधारशिला हो र ज्ञान विज्ञानको आधारभूत माध्यम पनि हो । सिकारूको व्यक्तिगत तथा सामाजिक रूपले श्रुतिबोध  बढी महत्त्वपूर्ण छ । श्रुतिबोधको कमजोरीले विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ तथा भाषा विकासको समग्र पक्षमा असर पर्न जान्छ । त्यसैले श्रुतिबोध लाई भाषा तथा ज्ञानविकासको महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ ।

### २.२.२ पठन बोध

पठन भन्नाले पढ्ने काम वा प्रक्रिया, पढाइ, अध्ययन र बोध  भन्नाले १. सुनेर, पढेर, हेरेर, कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता २. ज्ञान, अनुभव, समझ, सोच ३. सम्झना अनुभूति, महसुस (प्रयोगात्मक नेपाली शब्दकोश २०६८ : ७३७) । पठन वा पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई पाठकद्वारा आफ्ना मस्तिष्कले सङ्गठित गर्ने सिप हो ( अधिकारी, २०६३ : ६९ ) । त्यसैले कुनै पनि व्यक्तिले व्यक्त गरेका लिखित विचार वा सूचनालाई पाठकद्वारा पढेर अर्थ बोध  गर्नु नै पठन बोध हो । लिपिबद्ध दृष्यात्मक भाषमा उतारिएका ज्ञान एवम् सूचनालाई दिमागमा सङ्गठित गरेर अर्थबोध  गर्नुलाई नै पठन बोध भनिन्छ । भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यत : सुनेका वा पढेका सामग्रीहरूको अर्थ बुझाइ भएपनि व्यापक रूपमा कुनै मौखिक , लिखित दृश्य वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु हो (शर्मा र पौडेल, २०६० : १०७ ) । पठन बोध गर्ने क्रममा पाठकले अक्षर, शब्द, पदावली र वाक्यको पहिचान आफ्ना अनुभवका आधारमा तिनको सङ्गठन र आफ्नो बोध  क्षमताको आधारमा तिनको अर्थ लगाउने कार्य गर्दछ । बोध  विनाको पढाइको प्रयोजन शुन्य हुन्छ । पठन बोधमा भाषिक व्यावस्था अनुसार शब्दहरूको अर्थ निर्धारण गर्ने र उक्त अर्थलाई त्यस भाषाको व्यापक ढाँचालाई सम्बद्ध गराइ लेखकका मनमा भएका सम्बन्धित विचारहरूको शृङ्खलामा उन्ने कार्य हुन्छ ।

पठन बोध भनेको लिपिबद्ध सामग्रीलाई त्यहाँ भएको विचार, भाव र ज्ञानलाई बुझ्न, ग्रहण गर्न सस्वर वा मौन किसिमले पढिने कार्य हो । यसलाई आदानात्मक सिप अन्तर्गत राखिन्छ । लिपिबद्ध सामग्रीलाई अरूले सुन्ने गरी वाचन गर्ने कार्य सस्वर पढाइ हो भने, मनमनै पढेर त्यहाँ भएका भाव वा विचारलाई ग्रहण गर्ने गरी पढिने कार्यलाई मौन पढाइ भनिन्छ ( लामिछाने, २०६७ : १२१ ) । यसरी लिखित भाषाका सामग्रीहरूलाई पढेर बुझ्नु पठन बोध भएकाले पठन बोधलाई उपयोगी बनाउन विद्यार्थीहरूले सीपलाई कलाको रूपमा हासिल गर्नुपर्ने हुन्छ । विद्यार्थीहरूमा बढी मात्रामा पठन बोधको विकास भएमा भाषिक सिपमा पनि विकास हुन्छ । पठन बोध क्षमताको विकासका लागि कक्षा क्रियाकलाप लगायत विद्यालयीय वातावरण, वाचनालय, पुस्तकालय आदिको पनि बढी महत्त्व रहेको हुन्छ । यसका साथै विद्यार्थीको उमेर, रुचि तथा क्षमता अनुरुपका पाठ्यसामग्रीको उत्पादन र पढ्ने वातावरण आदिको आवश्यकता पर्दछ । पठन बोध क्षमता विकासका लागि विद्यालय भित्र र बाहिरका विविध अवसरहरू उपलब्ध गराउन आवश्यक देखिन्छ । त्यसैले पठन बोध क्षमता विकासका लागि विद्यालय र विद्यालय इतर अवसरहरूबाट सुधार ल्याउन सकिन्छ । पठन बोधको विकासले विद्यार्थीमा नयाँ ज्ञान तथा अनुभव विस्तार हुने गर्दछ । बालकले पढेका कुरा बुझ्नु भनेको ज्ञानको ज्योतिको ढोका खोल्नु हो । त्यसैले पठन बोधबाट विद्यार्थीको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण टेवा पुगेको हुन्छ ।

## २.३ पठन बोधको महत्त्व

लिखित भाषिक सामग्रीलाई आँखाले हेरेर ज्ञान भण्डार ग्रहण गर्ने महत्त्वपूर्ण उपाय पठन बोध हो । यो लिखित अभिव्यक्तिलाई पढेर त्यसको मूल आशय बुझ्नसँग बढी सम्बन्धित छ । बोध  विनाको पढाइमा समयको खर्च हुनाका साथै अर्थहिन पनि बन्न जान्छ । आजको युगमा ज्ञान विज्ञानसँग सम्बन्धित विविध कुराहरू लिखित रूपमा आएका हुन्छन् ती विचारसँग परिचित हुनका लागि उक्त सामग्री पढेर बोध  गर्ने क्षमताको आवश्यकता पर्दछ । त्यसैले जबसम्म विद्यार्थीहरूमा लिखित सामग्रीलाई पढेर बुझ्ने क्षमताको विकास हुँदैन तबसम्म साहित्य, कला, संस्कृति, राजनीति, अर्थनीति एवम् ज्ञान विज्ञानका क्षेत्रमा भएका नयाँ आविस्कारहरू अर्थहिन बन्दछन् । अत : ज्ञान-विज्ञान तथा सूचना र सञ्चारबाट परिचित बन्नका लागि पनि पठन बोध अझ बढी महत्त्वपूर्ण रहेको छ ।

विद्यालयका प्रारम्भिक कक्षाहरूमा पठन बोध क्षमताको विकास त्यति राम्रो भएको हुँदैन । तर उपल्ला तहहरूमा विद्यार्थीहरूमा उच्च स्तरीय बौद्धिक क्षमता विकासको लागि पठन बोध क्षमता उपयुक्त मानिन्छ । पठन बोधलाई ज्ञान आर्जनको अलावा मनोरञ्जनको रूपमा पनि लिने गरिन्छ । विद्यार्थीहरूमा कथा, कविता, नाटक, निबन्ध, उपन्यास पढेर साहित्यिक आस्वादन लिनुका साथै मानसिक विकासमा पठन बोधले ठुलो सहयोग गर्दछ । जसले गर्दा पाठकको मनमा पढाइप्रति अभिरुचि पैदा हुनकासाथै फुर्सदको समयको उपयोग गर्ने बानीको विकास बन्न जान्छ ।

पठन वा पढाइ शारीरिक क्रियाकलाप हो भने बोध वा बुझाइ मानसिक क्रियाकलाप हो । पठन बोध क्षमता विकासले विविध भाषिक सिप तथा क्षमताको विकासमा समेत महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पठन बोधले भाषाको प्रयोगमा हुने व्याकरणात्मक तथा शब्द प्रयोगमा उपयुक्त र अनुपयुक्त ठम्याउने सुझको  विकास गर्नमा समेत सहयोग गर्छ (अधिकारी, २०६३ : ८० ) । यसले शब्द भण्डार क्षमतामा पनि विकास गर्दछ । पठनबोध बाट नयाँ शब्दको निमार्ण गर्नुका साथै प्रसङ्ग अनुरुप शब्द प्रयोग गर्ने बानीको विकास हुन्छ । यसबाट अन्य भाषिक सिपहरू सुनाइ, बोलाइ र लेखाइमा पनि विभिन्न सान्दर्भिक र असान्दर्भिक शब्दहरू पहिचान गर्न सहयोग पुग्दछ । त्यसैले पठन बोध क्षमताले ज्ञान एवम् अनुभव वृद्धि गरेर पूर्व अनुभव र ज्ञानलाई परिस्कार गरी नयाँ दृष्टिकोण तथा सिर्जनात्मक क्षमताको विकासका साथै सर्वाङ्गीण विकासमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## २.४ पठन बोधका चरणहरू

पठन बोध क्षमता प्रारम्भिक तहहरूमा भन्दा उत्तरवर्ती तहहरूमा अभ्यास तथा अनुभवका कारण पाठकको पठन बोध क्षमता बढी परिपक्व हुन जान्छ । अध्ययनको तल्ला तहहरूमा विद्यार्थीहरू सस्वर पठनद्वारा बोध  क्षमताको वृद्धि गर्न उत्सुक हुन्छन् भने माथिल्ला तहमा मुख्यत मौन पठनद्वारा यसतर्फ उन्मुख हुन्छन् । पढाइको पहिलो एकाइ अक्षर, शब्द, पदावली, वाक्य आदि हुन् । यस क्रममा सुरुको पढाइको गति यति दुवै न्युन हुने तथा क्रमशः वाक्य स्तरमा पुग्दा वृद्धि हुने गर्दछ । सुरुमा विद्यार्थीको पढाइको एकाइ अक्षरलाई बनाउँछन् भने अभ्यस्त हुँदै जाँदा क्रमशः शब्द, पदावली हुँदै वाक्य सम्मका पढाइमा विस्तार हुँदै पठन बोध क्षमताको विकास हुँदै जान्छ । पठन बोध जटिल मानसिक प्रक्रिया हो । यसका क्रममा आँखा भाषिक प्रतिक मस्तिष्क र अर्थानुसन्धान जस्ता पक्षहरू

संलग्न रहेका हुन्छन् । जबसम्म बालक शारीरिक र मानसिक रूपमा परिपक्व हुँदैन साथै भाषिक प्रतिक सँग परिचित हुँदैन तव सम्म पठन बोध क्षमताको विकास हुँदैन । पढाइमा के कस्ता शारीरिक र मानसिक प्रक्रिया चल्दछन् त्यसप्रति प्रायः पाठकहरू असचेत नै रहन्छन् । पढाइका विभिन्न चरणहरूको एकीकृत प्राप्ति यसको प्रौढताको लक्ष्य मान्न सकिन्छ (अधिकारी, २०६३ : ७० ) । यहाँ पठन बोधका चरणहरूलाई निम्न लिखित रूपमा उल्लेख गर्न सकिन्छ ।

क. पहिचान

ख. सङ्गठन

ग. अर्थानुन्धान

**क. पहिचान**

पठन बोधको प्रथम चरण पहिचान हो यसलाई पढाइ सिप अर्न्तगतको सुरुको अवस्थाको रूपमा लिन सकिन्छ । यसमा विद्यार्थीले शब्दलाई अक्षर-अक्षरमा पढ्ने गर्दछन् । यसमा उनीहरूले शब्दलाई दुई तिन पटक सम्म पढ्दछन् । यस अवस्थामा वर्ण विन्याससँग खासै परिचित नहुने भएकोले पढाइका क्रममा बिच बिचमा रोकिने गर्दछन् र ती शब्दको पहिचान गर्ने प्रयास गर्दछन् । शिक्षार्थीले कतिपय नविन शब्द तथा तिनको वर्णविन्यासमा अपरिचित हुनाले पठनका क्रममा अड्ने गर्छन् र ती शब्दलाई पृथक रूपमा पहिचान्ने प्रयास गर्छ (अधिकारी, २०६३ : ७१) । यसैले पहिचानलाई पठन बोधको प्रारम्भिक चरण अर्न्तगत राख्न सकिन्छ ।

**ख. सङ्गठन**

विद्यार्थीको पठन बोध क्षमताको विकासको दृष्टिले सङ्गठनलाई पहिचान भन्दा विकसित चरणका रूपमा लिन सकिन्छ । यस चरणमा विद्यार्थीहरू शब्द र अक्षर चिन्ने मात्र नभएर वाक्यमा प्रयुक्त शव्दावली बिचको अन्तरसम्बन्ध समेत बुझ्ने गर्दछन् । जब शिक्षार्थीहरू एक र अर्को शब्द, पदावली तथा वाक्यको आपसी आवद्धतालाई पहिल्याउँदै पढ्न थाल्दछन् तब उनीहरू पढ्दा आवश्यक पर्ने गति, यतिका नियमलाई खोजी गरी सोही बमोजिम पढ्न सक्छन् र वाक्यमा पदक्रम मिलेको रहेनछ भने त्यसलाई पनि सच्याएर पढ्ने प्रयास गर्न थाल्दछन् (अधिकारी, २०६३ : ७१ ) । यसरी पठन बोधका दृष्टिले यस चरणलाई मध्यम चरणका रूपमा लिन सकिन्छ ।

### ग. अर्थानुसन्धान

पठन बोध क्षमताको विकास विविध चरण मध्ये अर्थानुसन्धान अन्तिम चरण हो । विद्यार्थीहरूमा पहिचान र सङ्ठन गर्ने क्षमताको विकासबाट नै अर्थानुसन्धान गर्ने क्षमता प्राप्त हुन्छ । अभ्यास र अनुभवबाट खारिएका प्रौढ पाठकहरू यस चरणमा प्रवेस गर्न सक्षम हुन्छन् । जटिल एवम् बौद्धिक किसिमको भाषिक सामग्रीलाई पनि गति, यति र लय मिलाएर सस्वर वाचन वा मौनवाचन गरी विषयवस्तुको भावलाई बुझ्न सक्षम हुन्छन् । शिक्षार्थीले लिखित सामग्रीलाई अनुकुल पहिचान र सङ्गठनका आधारमा गति र यति मिलाइ एकाग्र भएर सस्वर वा मौन पाठ गर्छन् भने उक्त स्थितिमा ऊ त्यसमा व्यक्त विचार बुझ्नपनि सक्षम हुन्छ ( अधिकारी, २०६३ : ७२ ) । त्यसैले पठन बोध क्षमताको दृष्टिले यसलाई उच्च वर्गमा राख्न सकिन्छ ।

यसैले पठन बोधका ३ चरण मध्ये पहिलो वर्णगत, दोस्रो व्याकरणगत र तेस्रो अर्थगत हो । उक्त प्रत्येक तहलाई शिक्षार्थीमा पढाइ सिपको प्राप्तिका क्रममा हेर्दा एक अर्काबाट पूर्णतः अलग्याउन कठिन पर्छ ।

## २.५ पठन बोधमा प्रभाव पार्ने तत्त्वहरू

भाषिक सिपको महत्त्वपूर्ण पक्ष पठन बोध हो । यसको क्षमता विकासमा प्रभावपार्ने तत्त्वका रूपमा पाठ्य सामग्रीको छनोट, विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्था, वातावरण, अभ्यास, उत्प्रेरणा जस्ता तत्त्वहरूले प्रभाव पार्दछ । पठनको बोध क्षमताको विकास निश्चित तहमा वा सबै विद्यार्थीहरूमा एकै प्रकारको  हुँदैन । यसो हुनमा विभिन्न कारणहरू हुन्छन् । ती कारणलाई वा पठन बोधका प्रभावक तत्त्वलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ ।

क. पाठ्य सामग्रीको छनोट,

ख. विद्यार्थीको शारीरिक मानसिक एवम् संवेगात्मक अवस्था ,

ग. वातावरण,

घ. अभ्यास ,

ङ उत्प्रेरणा

### क. पाठ्य सामग्रीको छनोट

पाठ्य सामग्रीको छनोटलाई पठन बोध क्षमताको विकासमा प्रभाव पार्ने तत्त्वका रूपमा लिइन्छ । पठन बोध क्षमता जाँच्नका लागि दृष्टांश र अदृष्टांश पाठ्य सामग्रीको छनोट गर्न सकिन्छ । यसरी पाठ्य सामग्रीको छनोट गर्दा विद्यार्थीहरूको उमेर, रुचि, क्षमता, चाहना, आवश्यकता र स्तर अनुकूल हुनु पर्दछ । त्यसो नभएमा पठन बोध क्षमताको उचित विकास हुन सक्दैन । दृष्टांश सामग्रीहरूको छनोट गर्दा सम्बन्धित तह वा कक्षाका पाठ्यक्रमबाट वा यस भन्दा अगाडि अध्ययन गरेको सम्बन्धित विषयको पाठ्य पुस्तकबाट तयार गरिन्छ भने अदृष्टांश पाठ्य सामग्रीको छनोट गर्दा सम्बन्धित पाठ्य पुस्तक बाहेकका लेख, रचना, निबन्ध, विज्ञान, दैनिक पत्रपत्रिका, समाचार पत्र जस्ता पुस्तकहरूबाट छनोट गरिन्छ । पाठ्य सामग्रीको छनोटमा पद्यभन्दा गद्य, भावुक भन्दा बौद्धिक, संज्ञानात्मक भन्दा तथ्य परक प्रकृतिका सामग्रीको छनोट गर्नु पर्दछ (शर्मा र पौडेल, २०६७ : १५५) । अन्यथा वास्तविक पठन बोध क्षमताको मापन नहुने हुँदा पाठ्य सामग्रीको छनोट पनि पठन बोध क्षमता विकासको महत्त्वपूर्ण तत्त्व हो ।

### ख. विद्यार्थीको शारीरिक मानसिक एवम् संवेगात्मक अवस्था

विद्यार्थीहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक विकासले पनि पठन बोध क्षमता विकासमा प्रभाव पार्दछ । पाठ्य सामग्रीलाई पढेर त्यस भित्रको मुल कुरा ग्रहण गर्न विद्यार्थीहरू शारीरिक, मानसिक एवम् संवेगात्मक रूपमा सक्षम हुनुपर्दछ । जसरी सक्षम व्यक्तिले जति बढी पाठ्य सामग्रीको बोध ग्रहण गर्दछ अपाङ्ग वा असक्षम वा मानसिक सन्तुलन ठिक नभएका व्यक्तिले त्यति बढी ग्रहण गर्न सक्दैन । कुनै विद्यार्थी शारीरिक, मानसिक वा संवेगात्मक रूपमा कमजोर छ भने उसमा जीवनदेखि नै पढाइ प्रति वितृष्णा पैदा हुन जान्छ, पढी गएता पनि पढेका कुरा स्मरण गर्न कठिन पर्न जान्छ । त्यसैले पठन बोध क्षमता विकासमा प्रभाव पार्ने तत्त्वका रूपमा विद्यार्थीको शारीरिक मानसिक एवम् संवेगात्मक अवस्थालाई लिन सकिन्छ ।

### ग. वातावरण

पठन बोध क्षमता विकासमा प्रभाव पार्ने तत्त्वका रूपमा वातावरणलाई पनि लिन सकिन्छ । यसको विकासका लागि शान्त, खुल्ला एवम् स्वच्छ वातावरणको आवश्यकता पर्दछ । होहल्ला, कोलाहल पूर्ण, तनाव ग्रस्त तथा त्रसित वातावरणमा भन्दा शान्त , खुल्ला एवम् स्वच्छ वातावरणमा पठन बोध क्षमताको विकास हुन्छ । मौन पठनका लागि शान्त वातावरण भएमा पठन बोध क्षमतालाई बढाउन सकिन्छ । बोध  विहिन पढाइ अर्थहिन बन्नाले पठन बोधका लागि उपयुक्त वातावरण चाहिन्छ । पठनमात्र भएर बोध  भएन भने राष्ट्रको लगानिको औचित्य रहँदैन त्यसैले पठन बोध क्षमता वृद्धि गर्नलाई स्वच्छ तथा शान्त वातावरणको आवश्यकता पर्दछ । अतः पठन बोध क्षमता विकासमा वातावरणले पनि प्रभाव पार्नाले यसलाई प्रभावशाली प्रभावक तत्त्वका रूपमा लिइन्छ ।

### घ. अभ्यास

पठन बोध क्षमता विकासमा प्रभाव पार्ने तत्त्वका रूपमा अभ्यास पनि एक हो । विविध सिप मध्ये पठन बोधलाई पनि एउटा भाषिक सिपका रूपमा लिइन्छ । सिपलाई जति बढी अभ्यास र प्रयोग गरिन्छ त्यतिनै परिमार्जित तथा परिस्कृत बन्दै जान्छ । पढाइलाई जति बढी अभ्यास र उपयोगमा ल्याउन सकियो त्यति बढी पठन बोध क्षमताको विकास प्रवल भएर जान्छ । अभ्यास वा पुनरावृतिलाई कम गर्दै गएमा पठन बोध क्षमतामा पनि कमजोर पर्न देखा पर्दछ । अभ्यासले नै मानिसलाई सक्षम एवम् क्षमतावान् बनाउँछ । त्यसैले पठन बोध क्षमता विकासमा प्रभाव पार्ने तत्त्वहरू मध्ये अभ्यास पनि एक महत्त्वपूर्ण तत्त्व हो ।

### ङ. उत्प्रेरणा

उत्प्रेरणा पनि पठन बोध क्षमता विकासको एक महत्वपूर्ण प्रभावक तत्त्व हो । उत्प्रेरणा अन्तर्गत दण्ड, सजाय, पुरस्कार, धन्यवाद आदि पर्दछन् । उत्प्रेरणा सकारात्मक तथा नकारात्मक दुई किसिमको हुन्छ । सिकारूको अवस्था हेरी सहि तरिकाले उचित किसिमको उत्प्रेरणा जगाउन सकिएमा पठन बोध क्षमताको विकास हुन जान्छ । यसको विकासका लागि उत्प्रेरणा पनि अपरिहार्य छ । अतः उत्प्रेरणालाई पनि पठन बोध क्षमता विकासमा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्वका रूपमा लिन सकिन्छ ।

## २.६ सारांश

सारांशमा भन्नु पर्दा बोध भनेको लिखित वा मौखिक अभिव्यक्तिलाई पढेर वा सुनेर मुल आशय प्राप्त गर्नु हो । बोध श्रुति र पठन गरी दुई प्रकारका हुन्छन् । कुनै पनि व्याक्ति वा सञ्चारका माध्यमबाट व्यक्त भएका मौखिक विचारहरूलाई सुनेर बोध गर्नु श्रुतिबोध हो भने कुनै पनि व्यक्तिले व्यक्त गरेका ज्ञान एवम् सुचनाहरू तथा लिपिवद्ध भाषामा भएका सामग्रीको विचार, ज्ञान र भावलाई बुझ्न वा ग्रहण गर्न सस्वर तथा मौन किसिमले पढेर बोध गर्ने कार्य पठन बोध हो । जसको परीक्षणको लागि लिखित वा मौखिक परीक्षाको उपयोग गर्न सकिन्छ । पठन बोधले भाषाका चार वटै सिपहरू विकास गर्नका साथै व्याक्तिको पूर्व अनुभव तथा ज्ञानलाई परिस्कार गरी सिर्जनात्मक क्षमताको विकास गरी सर्वाङ्गीण विकासमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । पठन बोधका चरणहरूमा पहिचान, सङ्गठन, अर्थानुसन्धान पर्दछन् । पठन बोध विकासका लागि पाठ्य सामग्री, विद्यार्थीको शारीरिक, मानसिक एवम् सम्वेगात्मक अवस्था, वातावरण, अभ्यास तथा उत्प्रेरण जस्ता तत्त्वले प्रभाव पार्दछ ।

# अध्याय तिन

## पठन बोध क्षमताको व्याख्या विश्लेषण

### ३.१ उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको व्याख्या विश्लेषण

प्रस्तुत अध्ययन ताप्लेजुङ जिल्लाका उच्च माध्यमिक विद्यालय कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता पहिल्याउने उद्देश्यमा आधारित छ । उक्त उद्देश्य पूर्तिका लागि अध्याय दुईमा वर्णन गरिएको सिद्धान्तका आधारमा ताप्लेजुङ जिल्लाका ग्रामीण तथा सहरी क्षेत्रका उच्च माध्यमिक विद्यालयका जम्मा ६० जना विद्यार्थीहरूको लिखित परीक्षाका आधारमा तुलनात्मक रूपले व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यस अध्यायमा ग्रामीण तथा सहरी क्षेत्रका उच्च माध्यमिक विद्यालय कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । उक्त उद्देश्य परिपूर्तिका लागि अध्याय दुईमा वर्णन गरिएको सिद्धान्तका आधारमा ताप्लेजुङ जिल्लाका ग्रामीण तथा सहरी भेगका सम्पूर्ण उच्च माध्यमिक विद्यालयहरूका विद्यार्थीहरूको पठन बोध क्षमता सम्बन्धी अध्ययन गर्न कठिन भएका कारण यहाँ ३/३ वटा उच्च माध्यमिक विद्यालयलाई छनोट गरी ती विद्यालयका पनि ३०/३० जना विद्यार्थीहरूलाई छनोट गरी ती विद्यार्थीहरूको लिखित परीक्षाका आधारमा तुलनात्मक रूपले व्याख्या तथा विश्लेषण गर्ने कार्य गरिएको छ ।

प्रस्तुत अध्ययनको व्याख्या एवम् विश्लेषणलाई बढी विश्वसनीय तथा मापनीय बनाउनका लागि उक्त तहको पाठ भित्रबाट निश्चित गद्यांश झिकेर विभिन्न प्रश्नहरूमा अङ्कको पनि विभाजन गरिएको छ । उक्त तहका विद्यार्थीहरूको पठन बोध क्षमताको मूल्याङ्कनका लागि दुईवटा गद्यांशको प्रयोग गरिएको छ । उक्त तहको पाठभित्रबाट सोधिएकोलाई दृष्टांश गद्यांश र बाहिरबाट सोधिएकोलाई अदृष्टांश गद्यांश भनिएको छ । प्रत्येक उच्च माध्यमिक विद्यालयबाट छनोट गरिएका १०/१० जना विद्यार्थीहरूलाई उनीहरूको सङ्ख्या अनुसारको आवश्यक प्रश्नपत्र र लेख्ने कापी समेत उपलब्ध गराई परीक्षण गरिएको थियो । परीक्षणका लागि दृष्टांश र अदृष्टांश गद्यांशका छुट्टाछुट्टै प्रश्नपत्र

उपलब्ध गराई विद्यार्थीहरूबाट उत्तर लिनेकाम गरिएको थियो । यसरी दुवै प्रश्नका लागि २०/२० मिनेटको समय उपलब्ध गराइएको थियो भने दुवै प्रश्नमा १०/१० अङ्कभार समेत छुट्याइएको थियो । आवश्यक निर्देशन दिइएपछि परीक्षाको सुनिश्चित नियम र समयमा उत्तर पुस्तिका सङ्कलन गरिएको थियो । उच्च माध्यमिक तह कक्षा एघारका विद्यार्थीहरूको पठन बोध क्षमताको परीक्षणका लागि दृष्टांश गद्यांश सोही तहको पाठ्य पुस्तकमा भएको गद्यांशबाट र अदृष्टांश गद्यांशका लागि नेपाली बिषयको बि.एड. प्रथम वर्षका पुराना प्रश्नहरूको सङ्गालोबाट अवतरण गराइएको हो । दुवै प्रकारका गद्यांशको पठन बोध क्षमता परीक्षणका लागि १०/१० पूर्णाङ्क छुट्याई प्रत्येक प्रश्नका लागि २ अङ्कको अङ्कभार समेत दिइएको थियो । यसकै आधारमा परीक्षण अङ्कन गरी छनोटमा परेका प्रत्येक उच्च माध्यमिक विद्यालयको छुट्टाछुट्टै तालिकीकरण गरेर प्रप्ताङ्क प्रस्तुत गरिएको छ । परीक्षण अङ्कन गर्दा छनोटमा परेका विद्यार्थीहरूको प्रत्येक प्रश्नको उत्तरलाई पनि प्रस्तुत गरिएको छ । परीक्षणका क्रममा अङ्कन गर्दा अनर्थ लाग्ने वर्ण विन्यासलाई बाहेक अर्थसँग सम्बन्धित वर्णविन्यासलाई त्रुटि मानिएको छैन र सोहि अनुरुप अङ्कन गरिएको छ । यहाँ उत्कृष्ट उत्तर लेख्नेलाई २ र उत्तर लेख्न प्रयास गर्ने कम स्तरीय उत्तरलाई न्युनतम अङ्क ०.५ तथा उत्तर दिन छाडेकोलाई कुनै अङ्क दिइएको छैन । उत्तर पुस्तिका परीक्षणका क्रममा विद्यार्थीहरूले लेखेको उत्तरका आधारमा अति उत्तम उत्तरलाई २ अङ्क, उत्तमलाई १.५ अङ्क, मध्यमलाई १ अङ्क र निम्नलाई ०.५ अङ्क दिइएको तथा उत्तर नलेखेको वा पुरा गलत उत्तर लेखेको लाई कुनै पनि अङ्क दिइएको थिएन । परीक्षणका क्रममा शैली, वर्ण विन्यास, शृङ्खला र सिप तथा कौशलतालाई पनि औचित्य र विशेषता हेरी अङ्कनमा धेरै र थोरै दिइएको थियो ।

यहाँ प्रस्तुत उच्च माध्यमिक विद्यालय कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन विश्लेषण तालिका अनुसार दृष्टांश र अदृष्टांश गद्यांशका आधारमा ब्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ :

### ३.२ सिनाम उच्च माध्यमिक विद्यालय

### ३.२.१ दृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

विद्यालय : श्री सिनाम उच्च मा.वि., प्राप्ताङ्क तालिका समय : २० मि.

सिनाम -४, ताप्लेजुङ (क) दृष्टांश गद्यांश पूर्णाङ्क :१०

कक्षा : एघार पठन बोध

| क्र. | विद्यार्थीको | छात्र/ | मातृ | प्राप्ताङ्क | | | | | जम्मा | प्रति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स. | नाम | छात्रा | भाषा | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | शत | |
| १. | सुवास लिम्बू | छात्र | लिम्बू | १.५ | १.५ | १.० | १.५ | १.० | ६.५ | ६५% | |
| २ | गणेश कार्की | छात्र | नेपाली | १.५ | १.५ | १.५ | १.५ | २.० | ८ | ८०% | |
| ३ | सनम थेवे | छात्र | लिम्बू | १.० | १.५ | १.० | १.५ | १.० | ६ | ६०% | |
| ४ | धनकुमार थेवे | छात्र | लिम्बू | १.० | १.५ | २.० | १.५ | १.० | ७ | ७०% | |
| ५ | सुजन घतानी | छात्र | नेपाली | १.५ | १.५ | ०.५ | ०.५ | ०.५ | ४.५ | ४५% | |
| ६. | निरूताअधिकारी | छात्रा | नेपाली | १.५ | १.० | १.५ | १.० | २.० | ७ | ७०% | |
| ७. | पूजा गिरी | छात्रा | नेपाली | १.० | १.० | १.५ | १.० | १.० | ५.५ | ५५% | |
| ८. | सेविका राई | छात्रा | राई | १.० | १.५ | १.० | १.५ | - | ५ | ५०% | |
| ९. | कल्पना थेवे | छात्रा | लिम्बू | १.० | १.५ | १.० | १.५ | १.० | ६ | ६०% | |
| १०. | हेमकला भण्डारी | छात्रा | नेपाली | १.५ | १.५ | १.५ | १.५ | २.० | ८ | ८०% | |

**सङ्केत :** '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क. छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्यालयबाट दृष्टांश पठन बोध क्षमताको लागि १० जना विद्यार्थीहरूलाई लिइएको थियो । जसमध्ये ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । माथि दिइएको तालिकामा छात्र र छात्रा दुवैले बराबर उच्च अङ्क ल्याएको देखिन्छ । जुन प्राप्ताङ्क ८०% वा ८ अङ्क सवैभन्दा बढी र सवै भन्दा कम प्राप्ताङ्क छात्रले ४५% वा ४.५ अङ्क र छात्रा तर्फको कम प्राप्ताङ्क भने ५०% वा ५ अङ्क ल्याएको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीको स्थिति**

माथि प्रस्तुत गरिएको उच्च माध्यमिक विद्यालयमा  नेपाली, लिम्बू र राई मातृमाषी विद्यार्थीहरू अध्ययन गर्ने गरेको पाइन्छ । त्यसैले यहाँ नेपाली मातृभाषी र दोस्रो भाषी बिचको तुलना गर्न आवश्यक देखिन्छ । यस गद्यांशमा नेपाली मातृभाषीहुने विद्यार्थीहरूले सबैभन्दा बढी प्राप्ताङ्क ८०% वा ८ र सबै भन्दा कम ल्याउनेले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ भने दोस्रो भाषीले सबै भन्दा बढी ७०% वा ७ अङ्क र सबै भन्दा कम ल्याउनेले ५५% वा ५.५ अङ्क ल्याएको देखिन्छ ।

**ग. समग्र स्थिति**

प्रस्तुत गरिएको उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको दृष्टांश गद्यांशको पठन बोध क्षमतालाई तालिका 'क' बाट देखाइएको छ । उक्त गद्यांशमा क, ख, ग, घ र ङ प्रश्नमा प्रत्येकका लागि २/२ अङ्क दिइएको छ । उल्लेखित प्रश्नहरू बोध  तथा संज्ञान संग संबन्धित रहेका छन् । उक्त प्रश्नहरूको प्रायः सवै विद्यार्थीहरूले उत्तर दिइएको देखिन्छ । यी प्रश्नहरू मध्ये १ जना विद्यार्थीले एउटा प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । जुन प्रश्नको उत्तर नदिनुमा विद्यार्थी स्वयम्को कमजोरी रहेको पाइन्छ । यस गद्यांशको कुल अङ्क १० रहेको छ भने समय २० मिनेट छुट्याइएको छ । यस गद्यांशमा सवै भन्दा बढी अङ्क ल्याउने विद्यार्थीले ८०% वा ८ अङ्क ल्याएको देखिन्छ भने कम अङ्क ल्याउने विद्यार्थीले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । मातृभाषा नेपाली हुने विद्यार्थीले सवैभन्दा बढी ८०% वा ८ अङ्क तथा मातृभाषा नेपाली भएकै विद्यार्थीले सवैभन्दा कम ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ भने दोस्रो भाषी विद्यार्थीले सवैभन्दा बढी ७० % वा ७ अङ्क र सवैभन्दा कम ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा यस गद्यांशमा दोस्रो भाषी विद्यार्थीले मातृभाषी नेपाली विद्यार्थीको तुलनामा कम अङ्क ल्याएको देखिन्छ।

### ३.२.२ अदृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

विद्यालय : श्री सिनाम उच्च मा. वि.          प्राप्ताङ्क तालिका

सिनाम - ४, ताप्लेजुङ

कक्षा : एघार          (ख) अदृष्टांश गद्यांश          समय : २० मि.

पठन बोध          पूर्णाङ्क : १०

| क्र. | विद्यार्थीको नाम | छात्र/ | मातृ | प्राप्ताङ्क | | | | | जम्मा | प्रति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स. | | छात्रा | भाषा | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | शत | |
| १. | सुवास लिम्बू | छात्र | लिम्बू | १.० | १.५ | १.५ | १.० | १.० | ६ | ६०% | |
| २ | गणेश कार्की | छात्र | नेपाली | १.५ | १.५ | १.५ | १.५ | १.० | ७ | ७०% | |
| ३ | सनम थेवे | छात्र | लिम्बू | १.५ | १.५ | १.५ | १.० | १.० | ६.५ | ६५% | |
| ४ | धनकुमार थेवे | छात्र | लिम्बू | १.० | १.० | १.० | १.५ | १.० | ५.५ | ५५% | |
| ५ | सुजन घतानी | छात्र | नेपाली | १.० | ०.५ | १.० | ०.५ | १.० | ४ | ४०% | |
| ६. | निरूता अधिकारी | छात्रा | नेपाली | १.५ | १.५ | १.० | १.५ | १.० | ६.५ | ६५% | |
| ७. | पूजा गिरी | छात्रा | नेपाली | १.० | १.५ | १.० | १.० | ०.५ | ५ | ५०% | |
| ८. | सेविका राई | छात्रा | राई | १.० | १.५ | १.० | ०.५ | - | ३.५ | ३५% | |
| ९. | कल्पना थेवे | छात्रा | लिम्बू | १.० | १.५ | - | १.० | १.० | ४.५ | ४५% | |
| १० | हेमकला भण्डारी | छात्रा | नेपाली | १.५ | १.५ | १.० | १.५ | १.० | ६.५ | ६५% | |

**सङ्केत :** '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ।

### (क) छात्रछात्राको स्थिति

यस उच्च माध्यमिक विद्यालयबाट अदृष्टांश पठन बोध क्षमता परीक्षणका लागि १० जना विद्यार्थीहरूलाई लिइएको थियो । जसमध्ये ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । उक्त गद्यांशमा सबै भन्दा बढी अङ्क ल्याउने छात्रले ७ वा ७०% र कम अङ्क ल्याउने छात्रले ४ वा ४०% अङ्क ल्याएको छ । त्यसैगरी छात्रा तर्फ बढी अङ्क ल्याउनेले ६.५ वा ६५% र कम अङ्क ल्याउनेले ३.५ वा ३५% अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा छात्राहरूको भन्दा छात्रहरूको पठन बोध क्षमता बढी रहेको देखिन्छ ।

### ख. मातृभाषी र दोस्रो भाषीको स्थिति

यस उच्च माध्यमिक विद्यालयमा विभिन्न जातजातिका विद्यार्थीहरू अध्ययन गर्दछन् । यहाँ नेपाली मातृभाषा बाहेक लिम्बू तथा राई मातृभाषा भएका विद्यार्थीहरू छन् । त्यसैले यहाँ नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूका बिचमा तुलना गर्नु आवश्यक देखिएकको छ । यहाँ नेपाली मातृभाषी भएको विद्यार्थीले अदृष्टांश गद्यांशमा बढी अङ्क ल्याउनेले ७०% वा ७ अङ्क र दोस्रो भाषीमा बढी ल्याउनेले ६५% वा ६.५ अङ्क ल्याएको र कम ल्याउने विद्यार्थीले ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ । तसर्थ यहाँ नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा दोस्रो भाषी विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशत कम पाइन्छ ।

### ग. समग्र स्थिति

माथि प्रस्तुत गरिएको तालिकाबाट उक्त उच्च माध्यमिक विद्यालयको विद्यार्थीहरूको अदृष्टांश गद्यांशको पठन बोध क्षमता कस्तो छ भन्ने कुरा देखिन्छ । उक्त गद्यांशका प्रश्न क, ख, ग, घ र ङ का लागि २/२ अङ्क दिइएको छ । ती प्रश्नहरू बोध सम्बन्धी रहेका छन् । प्रायः सबै विद्यार्थीहरूले प्रश्नको उत्तर दिएका छन् । यस गद्यांशका लागि २० मिनेटको समय छुट्याइएको थियो भने कुल अङ्क १० रहेको छ । यस गद्यांशमा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थीले ७०% वा ७ अङ्क र सबैभन्दा कम अङ्क ल्याउने

विद्यार्थीले ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ । यस गद्यांशमा बढी अङ्क ल्याउने छात्राले ६५% वा ६.५ अङ्क र कम ल्याउने छात्राले ४०% वा ४ अङ्क ल्याएको देखिन्छ । त्यसैगरी छात्रतर्फ बढी अङ्क ल्याउने विद्यार्थीले ७०% वा ७ अङ्क र कम ल्याउनेले ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ । साथै नेपाली मातृभाषा भएका विद्यार्थीको तुलनामा दोस्रो भाषी विद्यार्थीहरूले कम अङ्क ल्याएको देखिन्छ ।

### घ. दृष्टांश र अदृष्टांश गद्यांशबिच तुलना

यहाँ यस उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले दृष्टांश तथा अदृष्टांश गद्यांशमा प्राप्त गरेको प्राप्ताङ्क बिचको तुलना गर्ने प्रयास गरिएको छ । उल्लेखित दुवै तालिका अनुसार दृष्टांश र अदृष्टांश गद्यांशमा विद्यार्थीको प्राप्ताङ्क प्रतिशत राम्रो देखिएको छ । तालिका ‘क’ मा देखिए अनुसार अदृष्टांश गद्यांशमा बढी ल्याउने विद्यार्थीले ७०% वा ७ अङ्क ल्याएको र कम अङ्क ल्याउनेले ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ । त्यसै गरी दृष्टांश गद्यांशमा बढी अङ्क ल्याउनेले ८०% वा ८ अङ्क र कम ल्याउनेले ४५% वा ४.५ अङ्क प्राप्त गरेको देखिन्छ । अदृष्टांश गद्यांशमा छात्रले बढी अङ्क ल्याएको देखिन्छ भने छात्राले कम अङ्क ल्याएको देखिन्छ । दृष्टांश गद्यांशमा भने छात्र तथा छात्रा मध्ये बढी ल्याउनेमा दुवै जनाको बराबर अङ्क ल्याएको देखिन्छ भने छात्रले सबैभन्दा कम अङ्क ल्याएको देखिन्छ । समग्रमा भन्नुपर्दा दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा विद्यार्थीहरूले केहि बढी अङ्क ल्याएको देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषी विद्यार्थीको भन्दा केही बढी अङ्क प्राप्त गरेको देखिन्छ ।

### ३.३ भञ्ज्याङ उच्च माध्यमिक विद्यालय

### ३.३.१ दृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : श्री भञ्ज्याङ उ.मा.वि. ,

लिम्बुदिन- ४, ताप्लेजुङ समयः २० मि.

कक्षा : एघार (क). दृष्टांश गद्यांश पठन बोध पूर्णाङ्क : १०

| क्र. स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | शत | |
| १. | सुमन ताम्लिङ | छात्र | लिम्बू | १.५ | १.५ | १.० | १.० | १.५ | ६.५ | ६५% | |
| २ | मन्तोष लकान्द्री | छात्र | नेपाली | १.० | १.५ | १.५ | १.० | - | ५ | ५०% | |
| ३ | हिमाल बुढाथोकी | छात्र | नेपाली | १.५ | १.५ | १.५ | १.५ | २.० | ८ | ८०% | |
| ४ | मदन तिम्सिना | छात्र | लिम्बू | १.० | १.० | १.५ | १.० | १.० | ५.५ | ५५% | |
| ५ | राजकुमार इदिङ्गो | छात्र | लिम्बू | ०.५ | १.५ | १.५ | १.५ | ०.५ | ५.५ | ५५% | |
| ६. | माया मगर | छात्रा | मगर | १.५ | १.५ | १.५ | १.५ | १.० | ७ | ७०% | |
| ७. | टिका ताम्लिङ | छात्रा | लिम्बू | १.५ | १.० | १.५ | ०५ | १.५ | ६ | ६०% | |
| ८. | रमादेवी ढकाल | छात्रा | नेपाली | १.५ | १.५ | १.५ | १.५ | १.५ | ७.५ | ७५% | |
| ९. | प्रसम्सा ढुङ्गाना | छात्रा | नेपाली | १.५ | १.५ | ०.५ | १.० | १.० | ६.५ | ६५% | |
| १०. | सुनिता लिङ्देन | छात्रा | लिम्बू | १.० | ०.५ | १.५ | १.० | १.५ | ५.५ | ५५% | |

**सङ्केत :** '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क. छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्यालयबाट विद्यार्थीहरूको पठन बोध क्षमताको परीक्षणका लागि १० जना विद्यार्थीहरूलाई लिइएको थियो । उक्त परीक्षणमा ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । माथिको तालिकामा दृष्टांश गद्यांशको प्राप्ताङ्कलाई देखाइएको छ । यस उच्च माध्यमिक विद्यालयका विद्यार्थीमा छात्राहरू मध्ये सबै भन्दा बढी अङ्क ल्याउनेले ७५% वा ७.५ अङ्क र सबैभन्दा कम ल्याउने दुई जनाले ५५% वा ५.५ अङ्क ल्याएका छन् भने छात्रतर्फ सबैभन्दा बढी ल्याउनेले ८० % वा ८ अङ्क र कम ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीको स्थिति**

यस उच्च माध्यमिक विद्यालयमा नेपाली, लिम्बू, मगर लगायतका मातृभाषी विद्यार्थीहरू अध्ययनरत छन् । त्यसैले यहाँ नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरू बिच तुलना गर्नु उपयुक्त देखिन्छ । यस गद्यांशमा ५ जना नेपाली मातृभाषी र ५ जना लिम्बू तथा मगर मातृभाषी विद्यार्थीहरू छन् । यहाँ नेपाली मातृभाषी विद्यार्थीले सबैभन्दा बढी ८०% वा ८ अङ्क र कम ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । दोस्रो भाषीमा बढी अङ्क ल्याउनेले ७०% वा ७ र कम ल्याउनेले ५५% वा ५.५ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा सबैभन्दा बढी अङ्क ल्याउने र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थीमा नेपाली मातृभाषी नै रहेको देखिन्छ । तर समग्रमा हेर्ने हो भने नेपाली मातृभाषी विद्यार्थीको प्राप्ताङ्क राम्रै रहेको देखिन्छ ।

**ग. समग्र स्थिति**

यहाँ दिइएको तालिका 'क' बाट यस उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको दृष्टांश गद्यांशको पठन बोध क्षमता के कस्तो रहेको छ भन्ने कुरा देखिन्छ । यस गद्यांशमा क, ख, ग, घ र ङ ले प्रश्न नं. र त्यसमा प्रत्येक प्रश्नका लागि २/२ अङ्क छुट्याइएको छ । यसमा कुल अङ्कभार १० रहेको छ । यस गद्यांशमा १ जना विद्यार्थीले

एउटा प्रश्नको उत्तर दिएको छैन । सबै प्रश्नको उत्तर दिएर सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थीले ८०% वा ८ अङ्क र कम ल्याउने विद्यार्थीले ५० % वा ५ अङ्क ल्याएको देखिन्छ । साथै छात्र र छात्राको तुलना गर्ने हो भने समग्र छात्रको भन्दा छात्राहरूकै बढी प्रतिशत प्राप्ताङ्क आएको देखिन्छ भने भाषागत आधारमा दोस्रो भाषीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूले बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । यसरी यस विद्यालयमा नेपाली मातृभाषीको तुलनामा दोस्रो भाषी विद्यार्थीहरू कमजोर रहेका छन् तर पनि समग्र रूपमा हेर्ने हो भने विद्यार्थीहरूको प्राप्ताङ्क राम्रै रहेको देखिएको छ ।

### ३.३.२ अदृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : श्री भञ्ज्याङ उ.मा.वि. ,

लिम्बुदिन- ४, ताप्लेजुङ समय : २० मिनेट

कक्षा : एघार (ख) अदृष्टांश गद्यांश पठन बोध पूर्णाङ्क : १०

| क्र. स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति शत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | | |
| १. | सुमन ताम्लिङ | छात्र | लिम्बू | १.५ | १.५ | १.० | १.० | २.० | ७ | ७०% | |
| २ | मन्तोष लकान्द्री | छात्र | नेपाली | १.५ | १.० | १.० | १.० | १.० | ५.५ | ५५% | |
| ३ | हिमाल बुढाथोकी | छात्र | नेपाली | २.० | १.५ | १.५ | १.० | २.० | ८ | ८०% | |
| ४ | मदन तिम्सिना | छात्र | लिम्बू | १.० | १.५ | १.५ | १.५ | १.० | ६.५ | ६५% | |
| ५ | राजकुमार इदिङ्गो | छात्र | लिम्बू | १.५ | ०.५ | १.५ | २.० | - | ५.५ | ५५% | |
| ६. | माया मगर | छात्रा | मगर | २.० | १.० | १.० | १.५ | १.० | ६.५ | ६५% | |
| ७. | टिका ताम्लिङ | छात्रा | लिम्बू | १.५ | १.५ | ०.५ | १.५ | - | ५ | ५०% | |
| ८. | रमादेवी ढकाल | छात्रा | नेपाली | १.५ | २.० | १.५ | १.५ | २.० | ८.५ | ८५% | |
| ९. | प्रसम्सा ढुङ्गाना | छात्रा | नेपाली | १.५ | १.५ | १.५ | ०.५ | २.० | ७ | ७०% | |
| १० | सुनिता लिङ्देन | छात्रा | लिम्बू | १.० | १.५ | १.० | २.० | - | ६ | ६०% | |

**सङ्केत :** '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क. छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्यालयको पठन बोध क्षमता परीक्षणका लागि १० जना विद्यार्थीहरू लिइएको थियो । जसमध्ये ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । माथि प्रस्तुत गरिएको तालिका 'ख' मा अदृष्टांश गद्यांशमा छात्रछात्राले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रस्तुत गरिएको छ । ५ वटा प्रश्नलाई २० मिनेटको समय छुट्याइएको थियो । उक्त उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्ये ३ जना विद्यार्थीले समान प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । उक्त उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरू मध्ये छात्राले सबै भन्दा बढी प्राप्ताङ्क ८५% वा ८.५ अङ्क ल्याएको देखिन्छ भने छात्राले नै सबैभन्दा कम अङ्क वा ५०% अर्थात ५ अङ्क ल्याएको देखिन्छ तर छात्रतर्फ सबैभन्दा बढी ल्याउनेले ८०% वा ८ अङ्क र कम ल्याउनेले ५५% वा ५.५ अङ्क ल्याएको देखिन्छ । समग्रमा छात्रा तथा छात्रको प्राप्ताङ्क भने समान नै रहेको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीको स्थिति**

माथि प्रस्तुत गरिएको उच्च माध्यमिक विद्यालयमा नेपाली, मगर, लिम्बू लगायत अन्य जातजातिका विद्यार्थीहरू अध्ययन गर्ने गरेको पाइन्छ । मगर जातिका विद्यार्थीको मातृभाषा मगर र लिम्बू जातिकाको भाषा लिम्बू रहेको र अन्य जातजातिको मातृभाषा नेपाली नै रहेको पाइन्छ । त्यसैले यहाँ नेपाली मातृभाषा हुने विद्यार्थी र दोस्रो भाषी विद्यार्थीहरू बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । यस गद्यांशको परीक्षणका लागि ५ जना नेपाली मातृभाषी तथा एक जना मगर र अन्य लिम्बू मातृभाषी विद्यार्थीहरू रहेका छन् । यहाँ सबैभन्दा बढी प्राप्ताङ्क नेपाली मातृभाषी विद्यार्थीले ८५% वा ८.५ अङ्क ल्याएको छ भने सबैभन्दा कम अङ्क ५५% वा ५.५ ल्याएको छ तर दोस्रो भाषी विद्यार्थीमा बढी ल्याउनेले ७०% वा ७ अङ्क र कम ५.५ वा ५५% अङ्क ल्याएको देखिन्छ तर समग्रमा हेर्ने हो भने दोस्रो भाषीको भन्दा नेपाली मातृभाषी विद्यार्थीको प्राप्ताङ्क प्रतिशत बढी रहेको देखिन्छ । तथापि सबै विद्याार्थीहरूको प्राप्ताङ्क भने राम्रै रहेको पाइन्छ ।

## ग. समग्र स्थिति

माथि दिइएको तालिका 'ख' बाट यस उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता के कस्तो रहेको छ भन्ने कुरा प्रष्ट देखिन्छ । यस गद्यांशमा पठन बोध परीक्षणका लागि १० जना विद्यार्थीहरू लिइएको थियो । जसमा ५ जना छात्र र ५ जना छात्रा रहेका थिए भने ५ जना नेपाली मातृभाषी तथा एक जना मगर र अन्य लिम्बू मातृभाषी विद्यार्थीहरू रहेका थिए । यस गद्यांश परीक्षणका लागि २० मिनेटको समय र १० पूर्णाङ्कको अङ्कभार छुट्याइएको थियो । प्रश्नलाई क , ख, ग, घ, र ङ मा विभाजन गरी प्रत्येक प्रश्नलाई २/२ अङ्कमा विभाजन गरिएको थियो । माथि प्रस्तुत गरिएका प्रश्नहरू बोध तथा संज्ञानसँग सम्बन्धित थिए । दिइएको तालिका हेर्दा प्रायः सबै विद्यार्थीले प्रश्नको उत्तर लेखेता पनि ३ जना विद्यार्थीले एउटै प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । जुन प्रश्नको उत्तर नदिनुमा विद्यार्थीहरू स्वयम्को कमजोरी रहेको पाइन्छ । यस गद्यांशमा सबै भन्दा बढी अङ्क ल्याउनेले ८५% वा ८.५ र कम ल्याउनेले ५०% वा ५ अङ्क प्राप्त गरेको देखिन्छ । जुन दुवै स्थानमा छात्राहरू नै रहेका छन् । उता सबै भन्दा बढी अङ्क ल्याउने छात्रले भने ८०% वा ८ अङ्क ल्याएको देखिन्छ । समग्रमा छात्राछात्रको प्रतिशत हेर्ने हो भने छात्रको भन्दा छात्राको केहीमात्रामा बढी रहेको पाइन्छ । नेपाली मातृभाषी विद्यार्थीले सबैभन्दा बढी प्राप्ताङ्क ८५% वा ८.५ अङ्क ल्याएको र दोस्रो भाषीले सबैभन्दा कम ५०% वा ५ अङ्क प्राप्त गरेको देखिन्छ । समग्रमा हेर्दा नेपाली मातृभाषी हुने विद्यार्थीले दोस्रो भाषीको भन्दा केही बढी प्रतिशत ल्याएको देखिन्छ ।

## घ. दृष्टांश र अदृष्टांश गद्यांशबिच तुलना

यहाँ यस उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीले दृष्टांश तथा अदृष्टांश गद्यांशमा प्राप्त गरेको प्राप्ताङ्क बिच तुलना गर्ने प्रयास गरिएको छ । उल्लेखित दुवै गद्यांशमा छात्र तथा छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्क राम्रै देखिएको छ । दृष्टांश गद्यांशका लागि ५ वटा तथा अदृष्टांश गद्यांशका लागि ५ वटा प्रश्नहरू सोधिएको थियो भने दुवै गद्यांशलाई २०/२० मिनेटको समय र १०/१० अङ्कभार विभाजन गरिएको थियो । जसमा तालिका 'क' मा रहेको दृष्टांश गद्यांशमा एक जना विद्यार्थीले उत्तर दिन

छाडेको र तालिका 'ख' को अदृष्टांश गद्यांशमा ३ जना विद्यार्थीले उत्तर दिन छाडेको देखिन्छ । तालिका 'क' को दृष्टांश गद्यांशमा सबैभन्दा बढी प्राप्ताङ्क ल्याउनेले ८०% वा ८ अङ्क  र कम ल्याउनेले ५०% वा ५ अङ्क प्राप्त गरेको देखिन्छ भने अदृष्टांश गद्यांशमा सबैभन्दा बढी प्राप्ताङ्क ल्याउने ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा यस उच्च माध्यमिक विद्यालयका विद्यार्थीले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा केही बढी अङ्क प्राप्त गरेको देखिन्छ । समग्रमा दुवै गद्यांशको तुलना गर्दा प्राप्ताङ्क प्रतिशत राम्रै रहेको देखिन्छ । दृष्टांश गद्यांशमा छात्रले भन्दा छात्राले बढी अङ्क प्राप्त गरेको देखिन्छ भने अदृष्टांश गद्यांशमा छात्रले भन्दा छात्राले केही बढी अङ्क ल्याएको देखिन्छ । दृष्टांश गद्यांशमा नेपाली मातृभाषी विद्यार्थीले सबैभन्दा बढी प्राप्ताङ्क ८०% वा ८ अङ्क र अदृष्टांश गद्यांशमा पनि नेपाली मातृभाषी विद्यार्थीले ८५% वा ८.५ अङ्क ल्याएको देखिन्छ । दृष्टांश गद्यांशमा नेपाली मातृभाषी विद्यार्थीले सबैभन्दा कम अङ्क र अदृष्टांश गद्यांशमा दोस्रो भाषी विद्यार्थीले सबैभन्दा कम अङ्क ल्याएको देखिन्छ।

यसरी समग्रमा दृष्टांश तथा अदृष्टांश गद्यांशको तुलना गर्दा यस उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा केही बढी प्राप्ताङ्क प्राप्त गरेको देखिन्छ । तथापि दुवै गद्यांशको प्राप्ताङ्क समग्रमा राम्रै रहेको देखिन्छ ।

## ३.४ मैवाखोला उच्च माध्यमिक विद्यालय

### ३.४.१ दृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : श्री मैवाखोला उ.मा.वि.

ढुङ्गेसाँगु -७ ताप्लेजुङ समय : २० मि.

कक्षा : एघार (क) दृष्टांश गद्यांश पठन बोध पूर्णाङ्क : १०

| क्र. स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति शत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | | |
| १. | निङ्लामु शेर्पा | छात्र | शेर्पा | १.५ | १.० | १.० | १.५ | १.० | ६ | ६०% | |
| २ | रोजन वनेम | छात्र | लिम्बू | १.० | १.५ | १.० | ०.५ | १.० | ५ | ५०% | |
| ३ | पुकार पौडेल | छात्र | नेपाली | ०.५ | ०.५ | १.५ | १.० | ०.५ | ४ | ४०% | |
| ४ | राजन भट्टराई | छात्र | नेपाली | १.५ | १.५ | १.० | १.५ | २.० | ७.५ | ७५% | |
| ५ | सुनिल शेर्पा | छात्र | शेर्पा | ०.५ | १.० | १.५ | ०.५ | - | ३.५ | ३५% | |
| ६. | रूपा श्रेष्ठ | छात्रा | नेपाली | १.० | १.० | ०.५ | १.५ | १.० | ५ | ५०% | |
| ७. | सृजना गौतम | छात्रा | नेपाली | १.० | १.० | १.५ | ०.५ | ०.५ | ४.५ | ४५% | |
| ८. | अस्मिता थाङ्देन | छात्रा | लिम्बू | ०.५ | १.५ | ०.५ | १.५ | - | ४ | ४०% | |
| ९. | कविता भट्टराई | छात्रा | नेपाली | १.० | ०.५ | १.० | १.५ | १.५ | ५.५ | ५५% | |
| १० | अनिता लिम्बू | छात्रा | लिम्बू | १.५ | १.५ | १.० | १.५ | १.० | ६.५ | ६५% | |

**सङ्केत :** ‘-’ चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क. छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता परीक्षण गर्न दृष्टांश गद्यांशका लागि १० जना विद्यार्थी छनोट गरिएको थियो । जसमध्ये ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । यस गद्यांशमा छात्रहरूको भन्दा छात्रको प्राप्ताङ्क प्रतिशत राम्रो देखिन्छ । जसमा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थीमा छात्रले ७५% वा ७.५ अङ्क र छात्राले ६५% वा ६.५ अङ्क र कम ल्याउने छात्रले ३५% वा ३.५ अङ्क र छात्रा तर्फ ४०% वा ४ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा बढी अङ्क ल्याउने र कम अङ्क ल्याउने छात्र नै रहेको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीको स्थिति**

यस विद्यालयमा नेपाली, लिम्बू तथा शेर्पा मातृभाषी भएका विद्यार्थीहरू अध्ययन गरेको पाइन्छ । यस उच्च माध्यमिक विद्यालयमा दोस्रो भाषी विद्यार्थीहरू बढी अध्ययन गर्ने गरेको पाइन्छ । त्यसैले यहाँ नेपाली मातृभाषी र दोस्रो भाषी बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीले सबैभन्दा बढी ७५% वा ७.५ अङ्क ल्याएको र कम ल्याउनेले ४०% वा ४ अङ्क र दोस्रो भाषीमा बढी ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेले ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा नेपाली मातृभाषी भन्दा दोस्रो भाषीले कम अङ्क ल्याएको देखिन्छ ।

**ग. समग्र स्थिति**

यहाँ प्रस्तुत गरिएको तालिका 'क' बाट यस विद्यालयका विद्यार्थीको दृष्टांश गद्यांशको पठन बोध क्षमता के-कस्तो रहेको छ भन्ने कुरा देखिन्छ । यस गद्यांशमा प्रश्न क, ख, ग, घ र ङ का लागि २/२ अङ्क दिइएको छ । यस गद्यांशको प्रायः सबै विद्यार्थीले उत्तर लेखेको पाइन्छ । यस गद्यांशको लागि २० मिनेटको समय छुट्याइएको थियो भने कुल अङ्कभार १० दिइएको थियो । यस गद्यांशमा सबै प्रश्नको उत्तर दिने विद्यार्थी मध्ये सबै भन्दा बढी अङ्क ल्याउने छात्रले ७५% वा ७.५ अङ्क ल्याएको छ भने छात्रातर्फ बढी अङ्क ल्याउनेले ६५% वा ६.५ अङ्क ल्याएको देखिन्छ । तर समग्र हेर्दा छात्राको भन्दा छात्रले नै केहि बढी अङ्क ल्याएको देखिन्छ । भाषागत आधारमा हेर्ने हो भने नेपाली मातृभाषीको तुलनामा दोस्रो भाषी विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।

### ३.४.२ अदृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : श्री मैवाखोला उ.मा.वि.,

ढुङ्गेसाँगु -७ ताप्लेजुङ समय : २०मि.

कक्षा : एघार (ख) अदृष्टांश गद्यांश पठन बोध पूर्णाङ्क : १०

| क्र. स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति शत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | | |
| १. | निङ्लामु शेर्पा | छात्र | शेर्पा | १.० | १.५ | ०.५ | १.० | १.५ | ५.५ | ५५% | |
| २ | रोजन वनेम | छात्र | लिम्बू | १.५ | १.० | १.० | ०.५ | १.० | ६ | ६०% | |
| ३ | पुकार पौडेल | छात्र | नेपाली | ०.५ | १.० | १.५ | ०.५ | - | ३.५ | ३५% | |
| ४ | राजन भट्टराई | छात्र | नेपाली | १.५ | १.५ | १.० | १.५ | १.० | ६.५ | ६५% | |
| ५ | सुनिल शेर्पा | छात्र | शेर्पा | १.० | १.० | १.० | १.५ | १.० | ५.५ | ५५% | |
| ६. | रूपा श्रेष्ठ | छात्रा | नेपाली | १.० | १.५ | ०.५ | १.५ | १.० | ५.५ | ५५% | |
| ७. | सृजना गौतम | छात्रा | नेपाली | १.० | १.० | १.५ | ०.५ | ०.५ | ४.५ | ४५% | |
| ८. | अस्मिता थाङ्देन | छात्रा | लिम्बू | ०.५ | १.० | १.० | ०.५ | - | ३ | ३०% | |
| ९. | कविता भट्टराई | छात्रा | नेपाली | १.५ | ०.५ | १.० | ०.५ | १.५ | ५ | ५०% | |
| १० | अनिता लिम्बू | छात्रा | लिम्बू | २.० | १.० | १.५ | १.५ | १.० | ७ | ७०% | |

**सङ्केत :** '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क.छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्यालयबाट अदृष्टांश गद्यांशको पठन बोध क्षमताको परीक्षणका लागि जम्मा १० जना विद्यार्थी छनोट गरिएको थियो । जसमा ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । दिएको गद्यांशको प्राप्ताङ्कको तालिकामा छात्रले भन्दा छात्राले सबै भन्दा बढी ७०% वा ७ अङक ल्याएको र सबैभन्दा कम अङ्क ल्याउनेमा पनि छात्राले ३०% वा ३ अङ्क ल्याएको देखिन्छ भने छात्र तर्फ बढी ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेले ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ । तर समग्रतामा छात्राहरूको भन्दा छात्रको प्राप्ताङ्क प्रतिशत बढी रहेको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीबिचको स्थिति**

यस उच्च माध्यमिक विद्यालयमा नेपाली, लिम्बू तथा शेर्पा आदि मातृभाषी विद्यार्थीहरू अध्ययन गर्दछन् । यहाँ नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरू बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । यहाँ नेपाली मातृभाषी विद्यार्थी भन्दा दोस्रो भाषी विद्यार्थीले बढी अङ्क ल्याएको देखिन्छ । जसमा दोस्रो भाषीमा बढी अङ्क ल्याउनेले ७०% वा ७ अङ्क र कम ल्याउनेले ३०% वा ३ अङ्क ल्याएको र नेपाली मातृभाषीमा बढी ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेले ३५% वा ३.५ अङ्क ल्याएको छ । यसरी नेपाली मातृभाषी विद्यार्थीले दोस्रो भाषी विद्यार्थीको तुलनामा कम अङ्क ल्याएको देखिन्छ ।

**ग. समग्र स्थिति**

माथि दिइएको तालिका 'ख' बाट उक्त विद्यालयका विद्यार्थीहरूको अदृष्टांश गद्यांशको पठन बोध क्षमता के कस्तो छ भन्ने कुरा स्पष्ट देखिन्छ । यस गद्यांशको परीक्षणका लागि प्रश्न क, ख, ग, घ र ङ का लागि २/२ अङ्क दिइएको थियो । यी प्रश्नहरू बोध तथा संज्ञानसँग सम्बन्धित थिए । जसमा २० मिनटको समय र १० अङ्क भार छुट्याइएको थियो । उक्त गद्यांशमा सोधिएको प्रश्नहरूको उत्तर दिन एक जना छात्र र एक जना छात्राले १/१ वटा छाडेका थिए । यसरी उत्तर दिन छाड्नुमा विद्यार्थीको

लापरवाही वा नजानेर हुन सक्छ अन्य विद्यार्थीले भने सबै प्रश्नको उत्तर लेखेको पाइन्छ । यस गद्यांशमा सबैभन्दा बढी अङ्क ल्याउने मध्ये छात्राले ७०% वा ७ अङ्क र सबैभन्दा कम ल्याउने छात्राले ३०% वा ३ अङ्क ल्याएको देखिन्छ भने छात्र तर्फ बढी ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेले ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ । समग्र रूपमा हेर्ने हो भने छात्राको भन्दा छात्रको प्राप्ताङ्क केहि बढी प्रतिशत रहेको पाइन्छ । यहाँ दोस्रो भाषीमा बढी प्राप्ताङ्क ल्याउनेले ७०% वा ७ अङ्क र कम ल्याउनेमा ३०% वा ३ अङ्क ल्याएको देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीले बढीमा ६५% वा ६.५ र कममा ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ ।

### घ. दृष्टांश र अदृष्टांश गद्यांशबिच तुलना

यहाँ उक्त उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूले दृष्टांश तथा अदृष्टांश गद्यांशमा प्राप्त गरेको प्राप्ताङ्क बिचको तुलना गर्ने प्रयास गरिएको छ । माथि दिइएको तालिका 'क' मा दृष्टांश र तालिका 'ख' मा अदृष्टांश गद्यांश प्रस्तुत गरिएको छ । विद्यार्थीहरूले दृष्टांश तथा अदृष्टांश गद्यांशमा समान अङ्क प्रप्त गरेको देखिन्छ । छात्रहरूले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा केहि बढी अङ्क ल्याएको देखिन्छ । यसरी छात्राले भने अदृष्टांश गद्यांशमा भन्दा दृष्टांश गद्यांशमा बढी अङ्क प्राप्त गरेको देखिन्छ । नेपाली मातृभाषीले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा कम अङ्क ल्याएको देखिन्छ । त्यस्तै दोस्रो भाषीले दृष्टांशमा भन्दा अदृष्टांश गद्यांशमा बढी अङ्क ल्याएको देखिन्छ । त्यस्तै शेर्पा भाषी विद्यार्थीले पनि दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा बढी अङ्क ल्याएको देखिन्छ । दृष्टांश गद्यांशमा सबैभन्दा बढी प्राप्ताङ्क ल्याउनेले ७५% वा ७.५ अङ्क र कम ल्याउनेले ३५% वा ३.५ अङ्क ल्याएको देखिन्छ भने अदृष्टांश गद्यांशमा बढी ल्याउनेले ७०% वा ७ अङ्क र कम ल्याउनेले ३०% वा ३ अङ्क ल्याएको देखिन्छ । तथापि दृष्टांशको समग्र प्राप्ताङ्क र अदृष्टांशको समग्र प्राप्ताङ्कलाई हेर्दा विद्यार्थीहरूले समान अङ्क ल्याएको देखिन्छ ।

## ३.५ भानु जन उच्च माध्यमिक विद्यालय

### ३.५.१ दृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : श्री भानु जन उ.मा.वि,

फुङ्लिङ -४, ताप्लेजुङ

कक्षा : एघार (क) दृष्टांश गद्यांश पठन बोध समय : २० मि.

पूर्णाङ्क : १०

| क्र. स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति शत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | | |
| १. | जापान मादेन | छात्र | लिम्बू | १.० | १.५ | १.० | २.० | २.० | ७.५ | ७५% | |
| २ | विनोद वनेम | छात्र | लिम्बू | १.५ | १.५ | १.० | - | १.५ | ५.५ | ५५% | |
| ३ | गोपाल गौतम | छात्र | नेपाली | २.० | १.५ | १.५ | १.५ | २.० | ८.५ | ८५% | |
| ४ | हरि भट्टराई | छात्र | नेपाली | १.५ | १.५ | १.५ | १.० | १.५ | ७ | ७०% | |
| ५ | विरेन्द्र मादेन | छात्र | लिम्बू | ०.५ | १.५ | १.५ | १.५ | १.५ | ६.५ | ६५% | |
| ६. | हेमकला प्याकुरेल | छात्रा | नेपाली | १.५ | २.० | १.५ | १.० | २.० | ८ | ८०% | |
| ७. | ललिता नुगो | छात्रा | लिम्बू | १.५ | १.० | १.० | ०.५ | १.० | ५ | ५०% | |
| ८. | अमृता नेपाली | छात्रा | नेपाली | १.० | १.५ | १.० | १.५ | ०.५ | ५.५ | ५५% | |
| ९. | कविता लिम्बू | छात्रा | लिम्बू | ०.५ | १.० | १.५ | १.५ | १.५ | ६ | ६०% | |
| १० | दिपा ढकाल | छात्रा | नेपाली | २.० | १.५ | २.० | १.० | १.० | ७.५ | ७५% | |

**सङ्केत :** '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

### क. छात्रछात्राको स्थिति

यस उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता परीक्षण गर्न दृष्टांश गद्यांशका लागि १० जना विद्यार्थी छनोट गरिएको थियो । जसमध्ये ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । यस गद्यांशमा छात्राहरूको भन्दा छात्रको प्राप्ताङ्क प्रतिशत राम्रो देखिन्छ । जसमा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थीमा छात्रले ८५% वा ८.५ अङ्क र छात्राले ८०% वा ८ अङ्क र कम ल्याउने छात्रले ५५% वा ५.५ र छात्राले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा छात्रले बढी अङ्क र छात्राले कम अङ्क ल्याएको देखिन्छ ।

### ख. नेपाली मातृभाषी र दोस्रो भाषीको स्थिति

यस विद्यालयमा नेपाली र लिम्बू मातृभाषी भएका विद्यार्थीहरू अध्ययन गरेको पाइन्छ । त्यसैले यहाँ नेपाली मातृभाषी र दोस्रो भाषी बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीले सबैभन्दा बढी ८५% वा ८.५ अङ्क ल्याएको र कम ल्याउनेले ५५% वा ५.५ अङ्क ल्याएको देखिन्छ भने दोस्रो भाषीमा बढी ल्याउनेले ७५% वा ७.५ अङ्क र कम ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा नेपाली मातृभाषी भन्दा लिम्बू मातृभाषी विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।

### ग. समग्र स्थिति

यहाँ प्रस्तुत गरिएको तालिका ‘क’ बाट यस विद्यालयका विद्यार्थीको दृष्टांश गद्यांशको पठन बोध क्षमता के-कस्तो रहेको छ भन्ने कुरा देखिन्छ । यस गद्यांशमा प्रश्न क, ख, ग, घ र ङ का लागि २/२ अङ्क छुट्याइएको छ । यस गद्यांशमा प्रायः सबै विद्यार्थीले उत्तर लेखेको पाइन्छ । यस गद्यांशको लागि २० मिनेटको समय छुट्याइएको थियो भने कुल अङ्कभार १० दिइएको थियो । यस गद्यांशमा सबै प्रश्नको उत्तर दिने विद्यार्थीहरू मध्ये सबै भन्दा बढी अङ्क ल्याउनेले ८५% वा ८.५ अङ्क ल्याएको देखिन्छ भने कम अङ्क ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । बढी अङ्क ल्याउने छात्रले

८५% वा ८.५ अङ्क ल्याएको छ भने छात्रातर्फ बढी अङ्क ल्याउनेले ७५% वा ७.५ अङ्क ल्याएको देखिन्छ । कम अङ्क ल्याउने छात्रले ५५% वा ५.५ अङ्क र छात्राले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । समग्रमा हेर्दा छात्राको भन्दा छात्रले नै केहि बढी अङ्क ल्याएको देखिन्छ । भाषागत आधारमा हेर्ने हो भने नेपाली मातृभाषीको तुलनामा दोस्रो भाषी विद्यार्थीहरू कमजोर रहेको देखिन्छ । उक्त गद्यांशमा नेपाली मातृभाषी विद्यार्थीले नै सबैभन्दा बढी प्राप्ताङ्क ल्याएको र दोस्रो भाषी विद्यार्थीहरूले कम अङ्क ल्याएको देखिन्छ।

### ३.५.२ अदृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : श्री भानु जन  उ.मा.वि.,

फुङ्लिङ -४ ताप्लेजुङ

कक्षा : एघार    (ख) अदृष्टांश गद्यांश पठन बोध    समय : २० मि.

पूर्णाङ्क : १०

| क्र स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति शत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | | |
| १. | जापान मादेन | छात्र | लिम्बू | १.० | १.५ | १.५ | १.५ | १.५ | ७ | ७०% | |
| २ | विनोद वनेम | छात्र | लिम्बू | १.५ | १.५ | १.५ | १.५ | - | ६ | ६०% | |
| ३ | गोपाल गौतम | छात्र | नेपाली | २.० | १.५ | १.० | १.५ | २.० | ८ | ८०% | |
| ४ | हरि भट्टराई | छात्र | नेपाली | १.५ | १.५ | १.५ | १.५ | १.० | ७ | ७०% | |
| ५ | विरेन्द्र मादेन | छात्र | लिम्बू | १.५ | ०.५ | १.० | १.० | १.५ | ५.५ | ५५% | |
| ६. | हेमकला प्याकुरेल | छात्रा | नेपाली | २.० | १.० | १.५ | १.५ | १.५ | ७.५ | ७५% | |
| ७. | ललिता नुगो | छात्रा | लिम्बू | २.० | १.५ | १.० | - | - | ४.५ | ४५% | |
| ८. | अमृता नेपाली | छात्रा | नेपाली | १.५ | १.० | १.५ | १.५ | १.० | ६.५ | ६५% | |
| ९. | कविता लिम्बू | छात्रा | लिम्बू | १.० | १.५ | ०.५ | १.० | २.० | ६ | ६०% | |
| १० | दिपा ढकाल | छात्रा | नेपाली | १.० | ०.५ | १.५ | २.० | २.० | ७ | ७०% | |

**सङ्केत :** '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क.छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्यालयबाट अदृष्टांश गद्यांशको पठन बोध क्षमताको परीक्षणका लागि जम्मा १० जना विद्यार्थीहरू छनोट गरिएको थियो । जसमा ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । दिइएको तालिकामा छात्राले भन्दा छात्रले बढी ८०% वा ८ अङ्क ल्याएको र सबैभन्दा कम अङ्क ल्याउने छात्रले ५५% वा ५ अङ्क ल्याएको देखिन्छ भने छात्रा तर्फ बढी ल्याउनेले ७५% वा ७.५ अङ्क र कम ल्याउनेले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । तर समग्रतामा छात्राहरूको भन्दा छात्रको प्राप्ताङ्क प्रतिशत बढी रहेको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीबिचको स्थिति**

यस उच्च माध्यमिक विद्यालयमा नेपाली र लिम्बू मातृभाषी विद्यार्थीहरू अध्ययन गर्दछन् । यस उच्च माध्यमिक विद्यालयमा नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरू बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । यहाँ नेपाली मातृभाषी विद्यार्थी भन्दा लिम्बू मातृभाषी विद्यार्थीले कम अङ्क ल्याएको देखिन्छ । जसमा लिम्बू मातृभाषीमा बढी अङ्क ल्याउनेले ७०% वा ७ अङ्क र कम ल्याउनेले ४५% वा ४.५ अङ्क ल्याएको र नेपाली मातृभाषीमा बढी ल्याउनेले ८०% वा ८ अङ्क र कम ल्याउनेले ६५% वा ६.५ अङ्क ल्याएको पाइन्छ । यसरी नेपाली मातृभाषी विद्यार्थीले दोस्रो भाषी विद्यार्थीको तुलनामा बढी अङ्क ल्याएको देखिन्छ ।

**ग. समग्र स्थिति**

माथि दिइएको तालिका 'ख' बाट उक्त विद्यालयका विद्यार्थीहरूको अदृष्टांश गद्यांशको पठन बोध क्षमता के कस्तो छ भन्ने कुरा स्पस्ट देखिन्छ । यस गद्यांशको परीक्षणका लागि प्रश्न क, ख, ग, घ र ङ का लागि २/२ अङ्क दिइएको थियो । यी प्रश्नहरू बोध तथा संज्ञानसँग सम्बन्धित थिए । जसमा २० मिनेटको समय र १० अङ्क भार छुट्याइएको थियो । उक्त गद्यांशमा सोधिएका प्रश्नहरूमा दुई जना विद्यार्थीले उत्तर दिन छाडेका छन् । जसमा एक जनाले एउटा प्रश्नको र अर्कोले दुई वटा प्रश्नको उत्तर दिन छोडेको पाइयो । यसरी उत्तर दिन छाड्नुमा विद्यार्थीको लापरवाही वा नजानेर हुन सक्छ,

अन्य विद्यार्थीले भने सबै प्रश्नको उत्तर लेखेको पाइन्छ । यस गद्यांशमा सबैभन्दा बढी अङ्क ल्याउने मध्ये छात्रले ८०% वा ८ अङ्क र सबैभन्दा कम ल्याउने छात्रले ५५% वा ५.५ अङ्क ल्याएको देखिन्छ भने छात्रा तर्फ बढी ल्याउनेले ७५% वा ७.५ अङ्क र कम ल्याउनेले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । यहाँ दोस्रो भाषीमा बढी प्राप्ताङ्क ल्याउनेले ७०% वा ७ अङ्क र कम ल्याउनेमा ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । यहाँ नेपाली मातृभाषीले सबैभन्दा बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । समग्र प्रतिशतलाई हेर्ने हो भने नेपाली मातृभाषी विद्यार्थीले दोस्रो भाषीको तुलनामा बढी अङ्क प्राप्त गरेको देखिन्छ ।

### घ. दृष्टांश र अदृष्टांश गद्यांशबिच तुलना

यहाँ उक्त उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूले दृष्टांश तथा अदृष्टांश गद्यांशमा प्राप्त गरेको प्राप्ताङ्क बिचको तुलना गर्ने प्रयास गरिएको छ । माथि दिइएको तालिका 'क' मा दृष्टांश र तालिका 'ख' मा अदृष्टांश गद्यांश प्रस्तुत गरिएको छ । विद्यार्थीहरूले दृष्टांश गद्यांशमा अदृष्टांश गद्यांशको भन्दा बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । छात्रहरूले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा कम अङ्क ल्याएको देखिन्छ । यसरी नै छात्राले पनि अदृष्टांश गद्यांशमा भन्दा दृष्टांश गद्यांशमा बढी अङ्क प्राप्त गरेको देखिन्छ । नेपाली मातृभाषीले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा कम अङ्क ल्याएको देखिन्छ । त्यस्तै दोस्रो भाषीले दृष्टांशमा भन्दा अदृष्टांश गद्यांशमा कम अङ्क ल्याएको देखिन्छ । दृष्टांश गद्यांशमा सबैभन्दा बढी प्राप्ताङ्क ल्याउनेले ८५% वा ८.५ अङ्क र कम ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ भने अदृष्टांश गद्यांशमा बढी ल्याउनेले ८०% वा ८ अङ्क र कम ल्याउनेले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । दृष्टांश गद्यांशमा एक जनाले एउटा प्रश्नको उत्तर दिन छोडेको र अदृष्टांश गद्यांशमा एक जनाले दुईवटा प्रश्नको उत्तर दिन छोडेको तथा अर्कोले एउटा प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । यसरी उत्तर दिन छोड्नुमा विद्यार्थी स्वयम्को लापरवाही वा कमजोरी रहेको देखिन्छ । तथापि समग्रमा हेर्ने हो भने प्राय सबै विद्यार्थीहरूले प्रश्नको उत्तर दिइएका छन् । यसरी दृष्टांशको समग्र प्राप्ताङ्क र अदृष्टांशको समग्र प्राप्ताङ्कलाई हेर्दा विद्यार्थीहरूले दृष्टांश गद्यांशमा अदृष्टांश गद्यांशमा भन्दा बढी अङ्क ल्याएको देखिन्छ ।

## ३.६ कन्चनजङ्घा उच्च माध्यमिक विद्यालय

### ३.६.१ दृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : श्री कन्चनजङ्घा उ.मा.वि.,

फुङ्लिङ -३, ताप्लेजुङ

कक्षा : एघार (क) दृष्टांश गद्यांश पठन बोध समय : २० मि.

पूर्णाङ्क : १०

| क्र. सं. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति शत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | | |
| १. | आइतराज हाङ्गाम | छात्र | लिम्बू | १.५ | १.५ | १.५ | १.० | १.० | ६.५ | ६५% | |
| २ | भुवन भट्टराई | छात्र | नेपाली | १.५ | ०.५ | १.० | १.५ | १.० | ५ | ५०% | |
| ३ | नविन कार्की | छात्र | नेपाली | १.५ | १.० | १.५ | १.० | १.५ | ६.५ | ६५% | |
| ४ | कुमार दहाल | छात्र | नेपाली | २.० | २.० | २.० | १.० | १.५ | ८.५ | ८५% | |
| ५ | दुर्गा गुरूङ | छात्र | गुरूङ | १.० | १.५ | १.० | १.० | १.५ | ६ | ६०% | |
| ६. | अन्जु निरौला | छात्रा | नेपाली | १.५ | २.० | १.० | २.० | १.५ | ८ | ८०% | |
| ७. | ममता गुरूङ | छात्रा | गुरूङ | १.५ | १.० | १.५ | १.० | १.५ | ६.५ | ६५% | |
| ८. | हेमकला नाल्वु | छात्रा | लिम्बू | १.० | १.५ | १.५ | १.५ | १.५ | ७ | ७०% | |
| ९. | जुनिता केदेम | छात्रा | लिम्बू | ०.५ | १.० | १.० | १.५ | ०.५ | ४.५ | ४५% | |
| १० | पार्वता भारती | छात्रा | नेपाली | १.५ | १.० | १.५ | ०.५ | १.० | ५.५ | ५५% | |

सङ्केत : '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क. छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता परीक्षण गर्न दृष्टांश गद्यांशका लागि १० जना विद्यार्थी छनोट गरिएको थियो । जसमध्ये ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । जसमा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थीमा छात्रले ८५% वा ८.५ अङ्क र छात्राले ८०% वा ८ अङ्क र कम ल्याउने छात्राले ४५% वा ४.५ अङ्क र कम ल्याउने छात्रले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । समग्रमा हेर्दा छात्राले भन्दा छात्रले राम्रो अङ्क ल्याएको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीको स्थिति**

यस विद्यालयमा नेपाली, लिम्बू र गुरूङ मातृभाषी भएका विद्यार्थीहरू अध्ययन गरेको पाइन्छ । त्यसैले यहाँ नेपाली मातृभाषी र द्योस्रो भाषी बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीले सबैभन्दा बढी ८५% वा ८.५ अङ्क ल्याएको र कम ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ भने दोस्रो भाषीमा बढी ल्याउनेले ७०% वा ७ अङ्क र कम ल्याउनेले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा नेपाली मातृभाषीभन्दा दोस्रो भाषी विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।

**ग. समग्र स्थिति**

यहाँ प्रस्तुत गरिएको तालिका ‘क’ बाट यस विद्यालयका विद्यार्थीको दृष्टांश गद्यांशको पठन बोध क्षमता के-कस्तो रहेको छ भन्ने कुरा देखिन्छ । यस गद्यांशमा प्रश्न क, ख, ग, घ र ङ का लागि २/२ अङ्क दिइएको छ । यस गद्यांशको सबै विद्यार्थीले उत्तर लेखेको पाइन्छ । यस गद्यांशको लागि २० मिनेटको समय छुट्याइएको थियो भने कुल अङ्कभार १० दिइएको थियो । यस गद्यांशमा सबै प्रश्नको उत्तर दिने विद्यार्थी मध्ये सबै भन्दा बढी अङ्क ल्याउनेले ८५% वा ८.५ अङ्क ल्याएको देखिन्छ भने कम अङ्क ल्याउनेले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । बढी अङ्क ल्याउने छात्रले ८५% वा ८.५ अङ्क ल्याएको छ भने छात्रातर्फ बढी अङ्क ल्याउनेले ८०% वा ८ अङ्क ल्याएको देखिन्छ । कम अङ्क ल्याउने छात्रले ५०% वा ५ अङ्क र छात्राले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । समग्रमा हेर्दा छात्राको भन्दा छात्रले नै केहि बढी अङ्क ल्याएको देखिन्छ । भाषागत आधारमा हेर्ने हो भने नेपाली मातृभाषीको तुलनामा दोस्रो भाषी विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।

### ३.६.२ अदृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : श्री कञ्चनजङ्घा उ.मा.वि.,

फुङ्लिङ -३ ताप्लेजुङ

कक्षा : एघार

(ख) अदृष्टांश गद्यांश पठन बोध समय : २० मि.

पूर्णाङ्क : १०

| क्र. स. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति शत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | | |
| १. | आइतराज हाङ्गाम | छात्र | लिम्बू | २.० | ०.५ | १.० | १.५ | १.० | ७ | ७०% | |
| २ | भुवन भट्टराई | छात्र | नेपाली | १.५ | १.० | १.५ | १.० | १.५ | ६.५ | ६५% | |
| ३ | नविन कार्की | छात्र | नेपाली | १.५ | १.० | ०.५ | १.५ | १.० | ५.५ | ५५% | |
| ४ | कुमार दाहाल | छात्र | नेपाली | २.० | १.५ | १.५ | २.० | २.० | ९ | ९०% | |
| ५ | दुर्गा गुरूङ | छात्र | गरूङ | १.५ | १.५ | १.५ | ०.५ | - | ५ | ५०% | |
| ६. | अन्जु निरौला | छात्रा | नेपाली | २.० | १.५ | १.५ | १.० | १.५ | ७.५ | ७५% | |
| ७. | ममता गुरूङ | छात्रा | गरूङ | १.५ | १.० | १.० | ०.५ | १.० | ५ | ५०% | |
| ८. | हेमकला नाल्बु | छात्रा | लिम्बू | २.० | १.० | १.५ | १.५ | २.० | ८ | ८०% | |
| ९. | जुनिता केदेम | छात्रा | लिम्बू | १.५ | १.५ | १.५ | १.५ | - | ६ | ६०% | |
| १० | पार्वता भारती | छात्रा | नेपाली | १.० | १.५ | १.५ | १.० | ०.५ | ५.५ | ५५% | |

सङ्केत : '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क.छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्‌यालयबाट अदृष्टांश गद्‌यांशको पठन बोध क्षमताको परीक्षणका लागि जम्मा १० जना विद्‌यार्थीहरू छनोट गरिएको थियो । जसमा ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । यस गद्‌यांशमा एक जना छात्र र एक जना छात्राले समान प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । जुन प्रश्नको उत्तर नदिनुमा विद्‌यार्थी स्वयम्‌को कमजोरी वा लापरवाही हुन सक्छ । दिइएको गद्‌यांशको प्राप्ताङ्कको तालिकामा छात्रले ९०% वा ९ अङ्क ल्याएको र सबैभन्दा कम अङ्क ल्याउने छात्रले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ भने छात्रातर्फ बढी ल्याउनेले ८०% वा ८ अङ्क र कम ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । तर समग्रतामा छात्राहरूको भन्दा छात्रको प्राप्ताङ्क प्रतिशत बढी रहेको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीबिचको स्थिति**

यस उच्च माध्यमिक विद्‌यालयमा नेपाली, लिम्बू र गुरूङ मातृभाषी विद्‌यार्थीहरू अध्ययन गर्दछन् । यस उच्च माध्यमिक विद्‌यालयमा नेपाली मातृभाषी र दोस्रो भाषी विद्‌यार्थीहरू बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । यहाँ नेपाली मातृभाषी विद्‌यार्थी भन्दा लिम्बू तथा गुरूङ मातृभाषी विद्‌यार्थीले कम अङ्क ल्याएको देखिन्छ । जसमा दोस्रो भाषीमा बढी अङ्क ल्याउनेले ८०% वा ८ अङ्क र कम ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । नेपाली मातृभाषीमा बढी ल्याउनेले ९०% वा ९ अङ्क र कम ल्याउनेले ६५% वा ६.५ अङ्क ल्याएको पाइन्छ । यसरी नेपाली मातृभाषी विद्‌यार्थीले दोस्रो भाषी विद्‌यार्थीको तुलनामा बढी अङ्क ल्याएको देखिन्छ ।

**ग. समग्र स्थिति**

माथि दिइएको तालिका 'ख' बाट उक्त विद्‌यालयका विद्‌यार्थीहरूको अटृष्टांश गद्‌यांशको पठन बोध क्षमता के कस्तो छ भन्ने कुरा स्पष्ट देखिन्छ । यस गद्‌यांशको परीक्षणका लागि प्रश्न क, ख, ग, घ र ङ का लागि २/२ अङ्क दिइएको थियो । यी प्रश्नहरू बोध  तथा संज्ञानसँग सम्बन्धित थिए । जसमा २० मिनटको समय र १० अङ्क भार छुट्याइएको थियो । उक्त गद्‌यांशमा दोस्रो भाषी दुई जना विद्‌यार्थीले समान १/१ प्रश्नको उत्तर दिन छोडेको पाइयो ।  यसरी उत्तर दिन छाड्नुमा विद्‌यार्थीको लापरवाही वा

नजानेर हुन सक्छ अन्य विद्यार्थीले भने सबै प्रश्नको उत्तर लेखेको पाइन्छ । यस गद्यांशमा सबैभन्दा बढी अङ्क ल्याउने मध्ये छात्रले ९०% वा ९ अङ्क र सबैभन्दा कम ल्याउने छात्रले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ भने छात्रातर्फ बढी ल्याउनेले ८०% वा ८ अङ्क र कम ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । समग्र रूपमा हेर्ने हो भने छात्रको भन्दा छात्राको प्राप्ताङ्क कम प्रतिशत रहेको पाइन्छ । यहाँ दोस्रो भाषीमा बढी प्राप्ताङ्क ल्याउनेले ७०% वा ७ अङ्क र कम ल्याउनेमा ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । यहाँ नेपाली मातृभाषीले सबैभन्दा बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । समग्र प्रतिशतलाई हर्ने हो भने नेपाली मातृभाषी विद्यार्थीले दोस्रो भाषीको तुलनामा बढी अङ्क प्राप्त गरेको देखिन्छ ।

### घ. दृष्टांश र अदृष्टांश गद्यांशबिच तुलना

यहाँ उक्त उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूले दृष्टांश तथा अदृष्टांश गद्यांशमा प्राप्त गरेको प्राप्ताङ्क बिचको तुलना गर्ने प्रयास गरिएको छ । माथि दिइएको तालिका 'क' मा दृष्टांश र तालिका 'ख' मा अदृष्टांश गद्यांश प्रस्तुत गरिएको छ । विद्यार्थीहरूले अदृष्टांश गद्यांशमा दृष्टांश गद्यांशको भन्दा बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । छात्रहरूले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा बढी अङ्क ल्याएको देखिन्छ । यसरी नै छात्रामा बढी अङ्क ल्याउनेले अदृष्टांश गद्यांशमा र दृष्टांश गद्यांशमा समान अङ्क प्राप्त गरेको देखिन्छ । नेपाली मातृभाषीले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा बढी प्रतिशत अङ्क ल्याएको देखिन्छ । त्यस्तै दोस्रो भाषीले दृष्टांशमा भन्दा अदृष्टांश गद्यांशमा बढी अङ्क ल्याएको देखिन्छ । दृष्टांश गद्यांशमा सबैभन्दा बढी प्राप्ताङ्क ल्याउनेले ८५% वा ८.५ अङ्क र कम ल्याउनेले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ भने अदृष्टांश गद्यांशमा बढी ल्याउनेले ९०% वा ९ अङ्क र कम ल्याउनेले ५०% वा ५ अङ्क ल्याएको देखिन्छ । अदृष्टांश गद्यांशमा दुई जनाले समान १/१ वटा प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । यसरी उत्तर दिन छोड्नुमा विद्यार्थी स्वयम्को लापरवाही वा कमजोरी रहेको देखिन्छ । तथापि समग्रमा हेर्ने हो भने प्रायः सबै विद्यार्थीहरूले प्रश्नको उत्तर दिइएका छन् । यसरी दृष्टांशको समग्र प्राप्ताङ्क र अदृष्टांशको समग्र प्राप्ताङ्कलाई हेर्दा विद्यार्थीहरूले दृष्टांश गद्यांशमा अदृष्टांश गद्यांशमा भन्दा बढी अङ्क ल्याएको देखिन्छ ।

**३.७ पाथीभरा बहुमुखी क्याम्पस,**

**३.७.१ दृष्टांश गद्यांशको विश्लेषण**

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : पाथीभरा बहुमुखी क्याम्पस,

फुङ्लिङ -४ ताप्लेजुङ

कक्षा : एघार

(क) दृष्टांश गद्यांश पठन बोध समय : २० मि.

पूर्णाङ्क : १०

| क्र. सं. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति शत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | | |
| १. | सुरज ओझा | छात्र | नेपाली | १.५ | १.० | १.५ | १.५ | १.५ | ७ | ७०% | |
| २ | विपन गौतम | छात्र | नेपाली | १.५ | १.५ | १.० | १.० | १.० | ६ | ६०% | |
| ३ | पेम्बा शेर्पा | छात्र | शेर्पा | १.० | १.० | १.५ | १.० | १.५ | ६ | ६०% | |
| ४ | खेमराज योङ्हाङ | छात्र | लिम्बू | १.० | ०.५ | १.० | ०.५ | १.० | ४ | ४०% | |
| ५ | अरूण निरौला | छात्र | नेपाली | १.५ | १.० | १.० | १.५ | १.० | ५.५ | ५५% | |
| ६. | सर्मिला शेर्पा | छात्रा | शेर्पा | १.० | १.० | १.५ | १.० | ०.५ | ५ | ५०% | |
| ७. | प्रतिमा राई | छात्रा | राई | १.० | १.० | १.० | १.५ | - | ४.५ | ४५% | |
| ८. | मनिता इजम | छात्रा | लिम्बू | १.५ | १.० | १.५ | १.० | १.५ | ६.५ | ६५% | |
| ९. | भावना निरौला | छात्रा | नेपाली | १.० | ०.५ | १.५ | १.० | १.५ | ५.५ | ५५% | |
| १० | सर्मिला पौडेल | छात्रा | नेपाली | १.५ | १.५ | १.० | १.५ | १.५ | ७ | ७०% | |

सङ्केत : '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

**क. छात्रछात्राको स्थिति**

यस उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता परीक्षण गर्न दृष्टांश गद्यांशका लागि १० जना विद्यार्थी छनोट गरिएको थियो । जसमध्ये ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । यस गद्यांशमा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थीमा छात्रले ७०% वा ७ अङ्क र छात्राले ७०% वा ७ अङ्क र कम ल्याउने छात्राले ४५% वा ४.५ अङ्क र कम ल्याउने छात्रले ४०% वा ४ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा छात्राले भन्दा छात्रले कम अङ्क ल्याएका देखिएता पनि समग्रमा छात्र र छात्राको प्राप्ताङ्क समान रहेको देखिन्छ ।

**ख. नेपाली मातृभाषी र दोस्रो भाषीको स्थिति**

यस विद्यालयमा नेपाली, लिम्बू, राई र शेर्पामातृभाषी भएका विद्यार्थीहरू अध्ययन गरेको पाइन्छ । त्यसैले यहाँ नेपाली मातृभाषी र दोस्रो भाषी बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीले सबैभन्दा बढी ७०% वा ७ अङ्क ल्याएको र कम ल्याउनेले ५५% वा ५.५ अङ्क ल्याएको देखिन्छ भने दोस्रो भाषीमा बढी ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेले ४०% वा ४ अङ्क ल्याएको देखिन्छ । यसरी हेर्दा समग्रमा नेपाली मातृभाषी भन्दा दोस्रो भाषी विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।

**ग. समग्र स्थिति**

यहाँ प्रस्तुत गरिएको तालिका 'क' बाट यस विद्यालयका विद्यार्थीको दृष्टांश गद्यांशको पठन बोध क्षमता के-कस्तो रहेको छ भन्ने कुरा देखिन्छ । यस गद्यांशमा प्रश्न क, ख, ग, घ र ङ का लागि २/२ अङ्क दिइएको छ । यस गद्यांशको प्रायः सबै विद्यार्थीले उत्तर लेखेको पाइन्छ । यस गद्यांशको लागि २० मिनेटको समय छुट्याइएको थियो भने कुल अङ्कभार १० दिइएको थियो । यस गद्यांशमा सबै प्रश्नको उत्तर दिने विद्यार्थीमध्ये सबैभन्दा बढी अङ्क ल्याउने छात्रले ७०% वा ७ अङ्क ल्याएको छ भने छात्रातर्फ बढी अङ्क ल्याउनेले ७०% वा ७ अङ्क ल्याएको देखिन्छ । कम अङ्क ल्याउने छात्रले ४०% वा ४ अङ्क र छात्राले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ । समग्रमा हेर्दा छात्रा र छात्रहरूले समान अङ्क ल्याएको देखिन्छ । भाषागत आधारमा हेर्ने हो भने नेपाली मातृभाषीको तुलनामा दोस्रो भाषी विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।

### ३.७.२ अदृष्टांश गद्यांशको विश्लेषण

पठन बोध क्षमताको परीक्षण

प्राप्ताङ्क तालिका

विद्यालय : पाथीभरा बहुमुखी क्याम्पस,

फुङ्लिङ -४ ताप्लेजुङ

कक्षा : एघार

(ख) अदृष्टांश गद्यांश पठन बोध — समय : २० मि.

पूर्णाङ्क : १०

| क्र. सं. | विद्यार्थीको नाम | छात्र/ छात्रा | मातृ भाषा | प्राप्ताङ्क | | | | | जम्मा | प्रति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क२ | ख२ | ग२ | घ२ | ङ२ | १० | शत | |
| १. | सुरज ओझा | छात्र | नेपाली | १.० | १.५ | ०.५ | १.५ | २.० | ६.५ | ६५% | |
| २ | विपन गौतम | छात्र | नेपाली | १.० | १.० | १.० | १.० | २.० | ६ | ६०% | |
| ३ | पेम्बा शेर्पा | छात्र | शेर्पा | २.० | १.५ | ०.५ | १.० | १.० | ६ | ६०% | |
| ४ | खेमराज योङ्हाङ | छात्र | लिम्बू | १.५ | १.० | १.५ | ०.५ | - | ४.५ | ४५% | |
| ५ | अरूण निरौला | छात्र | नेपाली | २.० | ०.५ | १.० | १.५ | २.० | ७ | ७०% | |
| ६. | सर्मिला शेर्पा | छात्रा | शेर्पा | ०.५ | १.५ | १.५ | १.० | १.० | ६ | ६०% | |
| ७. | प्रतिमा राई | छात्रा | राई | १.५ | ०.५ | ०.५ | १.५ | - | ४ | ४०% | |
| ८. | मनिता इजम | छात्रा | लिम्बू | १.५ | १.५ | १.५ | ०.५ | २.० | ६.५ | ६५% | |
| ९. | भावना निरौला | छात्रा | नेपाली | १.५ | १.५ | ०.५ | १.० | १.५ | ६ | ६०% | |
| १० | सर्मिला पौडेल | छात्रा | नेपाली | १.५ | १.५ | १.५ | १.५ | ०.५ | ६.५ | ६५% | |

सङ्केत : '-' चिन्हले उत्तर दिन छाडेको जनाउँछ ।

क२ ,ख२, ग२, घ२ ,ङ२ ले प्रश्न नं. र त्यसको अङ्क जनाउँछ ।

### क. छात्रछात्राको स्थिति

यस उच्च माध्यमिक विद्यालयबाट अदृष्टांश गद्यांशको पठन बोध क्षमताको परीक्षणका लागि जम्मा १० जना विद्यार्थी छनोट गरिएको थियो । जसमा ५ जना छात्र र ५ जना छात्रा रहेका थिए । यस गद्यांशको उत्तर दिनमा एक जना छात्र र एक जना छात्राले समान प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । जुन प्रश्नको उत्तर नदिनुमा विद्यार्थीहरू स्वयम्‌को कमजोरी वा लापरवाही हुन सक्छ । दिइएको गद्यांशको प्राप्ताङ्कको तालिकामा छात्रले बढी ७०% वा ७ अङ्क ल्याएको र सबैभन्दा कम अङ्क ल्याउने छात्रले ४५% वा .४५ अङ्क ल्याएको देखिन्छ भने छात्रातर्फ बढी ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेले ४०% वा ४ अङ्क ल्याएको देखिन्छ । समग्रतामा छात्राहरूको भन्दा छात्रको प्राप्ताङ्क प्रतिशत बढी रहेको देखिन्छ ।

### ख. नेपाली मातृभाषी र दोस्रो भाषी बिचको स्थिति

यस उच्च माध्यमिक विद्यालयमा नेपाली, लिम्बू, राई र शेर्पा मातृभाषी विद्यार्थीहरू अध्ययन गर्दछन् । त्यसैले यहाँ नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरू बिचमा तुलना गर्नु उपयुक्त देखिन्छ । जसमा दोस्रो भाषीमा बढी अङ्क ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेले ४०% वा ४ अङ्क ल्याएको पाइन्छ । उक्त गद्यांशमा २ जना दोस्रो भाषीले उनीहरूको आफ्नै कमजोरीले समान १/१ वटा प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । यसरी नेपाली मातृभाषी विद्यार्थीले दोस्रो भाषी विद्यार्थीको तुलनामा बढी अङ्क ल्याएको देखिन्छ।

### ग. समग्र स्थिति

माथि दिइएको तालिका 'ख' बाट उक्त विद्यालयका विद्यार्थीहरूको अदृष्टांश गद्यांशको पठन बोध क्षमता के कस्तो छ भन्ने कुरा स्पष्ट देखिन्छ । यस गद्यांशको परीक्षणका लागि प्रश्न क, ख, ग, घ र ङ  का लागि २/२ अङ्क दिइएको थियो । यी प्रश्नहरू बोध तथा संज्ञानसँग सम्बन्धित थिए । जसमा २० मिनटको समय र १० अङ्कभार छुट्याइएको थियो । उक्त गद्यांशमा दोस्रो भाषिका दुई जना विद्यार्थीले समान १/१ प्रश्नको उत्तर दिन छोडेको पाइयो ।  यसरी उत्तर दिन छाड्नुमा विद्यार्थीको लापरवाही वा नजानेर हुन सक्छ अन्य विद्यार्थीले भने सबै प्रश्नको उत्तर लेखेको पाइन्छ । यस गद्यांशमा

सबैभन्दा बढी अङ्क ल्याउने मध्ये छात्रले ७०% वा ७ अङ्क र सबैभन्दा कम ल्याउने छात्रले ४५% वा ४.५ अङ्क ल्याएको देखिन्छ भने छात्रातर्फ बढी ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेले ४०% वा ४ अङ्क ल्याएको देखिन्छ । समग्र रूपमा हेर्ने हो भने छात्रको भन्दा छात्राको प्राप्ताङ्क कम प्रतिशत रहेको पाइन्छ । यहाँ दोस्रो भाषीमा बढी प्राप्ताङ्क ल्याउनेले ६५% वा ६.५ अङ्क र कम ल्याउनेमा ४०% वा ४ अङ्क ल्याएको देखिन्छ । यहाँ नेपाली मातृभाषीले सबैभन्दा बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । समग्र प्रतिशतलाई हर्ने हो भने नेपाली मातृभाषी विद्यार्थीले दोस्रो भाषीको तुलनामा बढी अङ्क प्राप्त गरेको देखिन्छ ।

### घ. दृष्टांश र अदृष्टांश गद्यांशबिच तुलना

यहाँ उक्त उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूले दृष्टांश तथा अदृष्टांश गद्यांशमा प्राप्त गरेको प्राप्ताङ्क बिचको तुलना गर्ने प्रयास गरिएको छ । माथि दिइएको तालिका 'क' मा दृष्टांश र तालिका 'ख' मा अदृष्टांश गद्यांश प्रस्तुत गरिएको छ । विद्यार्थीहरूले दृष्टांश गद्यांशमा  अदृष्टांश गद्यांशको भन्दा बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । छात्रहरूले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा कम अङ्क ल्याएको देखिन्छ । यसरी नै छात्राले पनि अदृष्टांश गद्यांशमा भन्दा दृष्टांश गद्यांशमा बढी अङ्क प्राप्त गरेको देखिन्छ । नेपाली मातृभाषीले दृष्टांश गद्यांशमा भन्दा अदृष्टांश गद्यांशमा कम प्रतिशत अङ्क ल्याएको देखिन्छ । त्यस्तै दोस्रो भाषीले दृष्टांशमा भन्दा अदृष्टांश गद्यांशमा कम अङ्क ल्याएको देखिन्छ । दृष्टांश तथा अदृष्टांश गद्यांशमा सबैभन्दा बढी प्राप्ताङ्क ल्याउनेले ७०% वा ७ अङ्क र कम ल्याउनेले ४०% वा ४ अङ्क ल्याएको देखिन्छ । दृष्टांश गद्यांशमा एक जना विद्यार्थीले एक प्रश्नको उत्तर दिन छोडेको र अदृष्टांश गद्यांशमा दुई जनाले समान १/१ वटा प्रश्नको उत्तर दिन छोडेको देखिन्छ । यसरी उत्तर दिन छोड्नुमा विद्यार्थी स्वयम्को लापरवाही वा कमजोरी रहेको देखिन्छ । दृष्टांश गद्यांशमा छात्र तथा छात्राको समान अङ्क देखिन्छ भने अदृष्टांश गद्यांशमा छात्राको भन्दा छात्रले केहि बढी प्रतिशत अङ्क ल्याएको देखिन्छ । यसरी दृष्टांशको समग्र प्राप्ताङ्क र अदृष्टांशको समग्र प्राप्ताङ्कलाई हेर्दा विद्यार्थीहरूले दृष्टांश गद्यांशमा अदृष्टांश गद्यांशमा भन्दा बढी अङ्क ल्याएको देखिन्छ ।

## ३.८ सारांश

प्रस्तुत अध्ययनलाई पुरा गर्नका लागि ताप्लेजुङ जिल्लाका ३ वटा ग्रामीण तथा ३ वटा सहरी क्षेत्रमा रहेका ४ वटा सामुदायिक र २ वटा संस्थागत पर्ने गरी जम्मा ६ वटा उ. मा. वि. छनोट गरिएको थियो । जसमा अध्ययनरत विद्यार्थीहरू मध्ये सम्भावना नमुना छनोटको आधारमा ३० जना छात्र र ३० जना छात्राहरूमध्येबाट ३० जना नेपाली मातृभाषी र ३० जना दोस्रो भाषी विद्यार्थीहरू पर्ने गरी विद्यार्थीहरूको छनोट गरिएको थियो । जसमा पुर्व परीक्षण गरिएका प्रश्नहरू मध्येबाट उपयुक्त ठहरिएका एउटा दृष्टांश र एउटा अदृश्टांश गद्यांश छनोट गरी विद्यार्थीहरूलाई आवश्यक पर्ने प्रश्नपत्र र कापी वितरण गरिएको थियो । ती प्रश्नको उत्तर दिएको उत्तर पुस्तिका सङ्कलन गरी परीक्षण गरिएको थियो । विद्यार्थीले प्राप्त गरेको प्रप्ताङ्कलाई प्रत्येक उ. मा. वि. को प्रत्येक विद्यार्थीको दृष्टांश तथा अदृष्टांश गद्यांशको छुट्टाछुट्टै तालिकामा देखाइएको छ । उक्त तालिकाका आधारमा हेर्दा कुनै विद्यार्थीले कुनै प्रश्नमा बढी र कुनैमा कम अङ्क ल्याएको देखिन्छ । कुनै विद्यार्थीले दृश्टांशमा बढी र अदृष्टांशमा कम तथा कुनैले अदृष्टांशमा बढी तथा दृष्टांशमा कम अङ्क ल्याएको देखिन्छ । कुनै विद्यार्थीले दुवै गद्यांशमा समान अङ्क प्राप्त गरेको देखिन्छ ।

समग्रमा हेर्ने हो भने उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको पठन बोध क्षमता सन्तोष जनक नै रहेको देखिन्छ ।

# अध्याय चार

## पठन बोध क्षमताको तुलनात्मक अध्ययन विश्लेषण

### ४.१ भाषिक आधारमा नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूको तुलनात्मक स्थिति

| (क) नेपाली मातृभाषी विद्यार्थीहरू | | | | (ख) दोस्रो भाषी विद्यार्थीहरू | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | विद्यार्थीको नाम | दृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | क. सं. | विद्यार्थीको नाम | दृष्टांश गद्यांश प्रप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत |
| १ | गणेश कार्की | ८०% | ७०% | १ | सुवास लिम्बू | ६५% | ६०% |
| २ | सुजन घतानी | ४५% | ४०% | २ | सनम थेबे | ६०% | ६५% |
| ३ | निरूता अधिकारी | ७०% | ६५% | ३ | धनकुमार थेबे | ७०% | ५५% |
| ४ | पूजा गिरी | ५५% | ५०% | ४ | सेविका राई | ५०% | ३५% |
| ५ | हेमकला भण्डारी | ८०% | ६५% | ५ | कल्पना थेबे | ६०% | ४५% |
| ६ | मन्तोष लकान्द्री | ५०% | ५५% | ६ | सुवास ताम्लिङ | ६५% | ७०% |
| ७ | हिमाल बुडाथोकी | ८०% | ८०% | ७ | राजकुमार इदिङ्गो | ५५% | ५५% |
| ८ | मदन तिम्सिना | ५५% | ६०% | ८ | माया मगर | ७०% | ६५% |
| ९ | रमादेवी ढकाल | ७५% | ८५% | ९ | टिका ताम्लिङ | ६०% | ५०% |
| १० | प्रसम्सा ढुङ्गाना | ६५% | ७०% | १० | सुनिता लिङ्देन | ५५% | ६०% |
| ११ | पुकार पौडेल | ४०% | ३५% | ११ | निङ्लामु शेर्पा | ६०% | ५५% |
| १२ | राजन भट्टराई | ७५% | ६५% | १२ | रोजन वनेम | ५०% | ६०% |
| १३ | रूपा श्रेष्ठ | ५०% | ५५% | १३ | सुनिल शेर्पा | ३५% | ५५% |
| १४ | कविता भट्टराई | ५५% | ५०% | १४ | अस्मिता थाङ्देन | ४०% | ३०% |
| १५ | सृजना गौतम | ४५% | ४५% | १५ | अनिता लिम्बू | ६५% | ७०% |
| १६ | गोपाल गौतम | ८५% | ८०% | १६ | जापान मादेन | ७५% | ७०% |
| १७ | हरी भट्टराई | ७०% | ७०% | १७ | विनोद वनेम | ५५% | ६०% |
| १८ | हेमकला प्याकुरेल | ८०% | ७५% | १८ | विरेन्द्र मादेन | ६५% | ५५% |
| १९ | अमृता नेपाली | ५५% | ६५% | १९ | ललिता नुगो | ५०% | ४५% |
| २० | दिपा ढकाल | ७५% | ७०% | २० | कविता लिम्बू | ६०% | ६०% |
| २१ | भुवन भट्टराई | ५०% | ६५% | २१ | आइतराज हाङ्गाम | ६५% | ७०% |
| २२ | नविन कार्की | ६५% | ५५% | २२ | दुर्गा गुरूङ | ६०% | ५०% |
| २३ | कुमार दाहाल | ८५% | ९०% | २३ | ममता गुरूङ | ६५% | ५०% |
| २४ | अन्जु निरौला | ८०% | ७५% | २४ | हेमकला नाल्वु | ७०% | ८०% |
| २५ | पार्वता भारती | ५५% | ५५% | २५ | जुनिता केदेम | ४५% | ६०% |
| २६ | सुरज ओझा | ७०% | ६५% | २६ | पेम्बा शेर्पा | ६०% | ६०% |
| २७ | विपन गौतम | ६०% | ६०% | २७ | खेमराज योङ्हाङ | ४०% | ५०% |
| २८ | अरूण निरौला | ५५% | ७०% | २८ | सर्मिला शेर्पा | ५०% | ५५% |
| २९ | भावना निरौला | ५५% | ६०% | २९ | प्रतिमा राई | ४५% | ४०% |
| ३० | सर्मिला पौडेल | ७०% | ६५% | ३० | मनिता इजम | ६५% | ६५% |

उक्त तालिकामा अध्याय तिनमा प्रस्तुत गरिएको उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको दृष्टांश तथा अदृष्टांश गद्यांशको प्राप्तङ्कको आधारमा नेपाली मातृभाषी तथा दोस्रो भाषी विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतलाई उल्लेख गरिएको छ । प्रस्तुत अध्ययनमा ३० जना नेपाली मातृभाषी र ३० जना दोस्रो भाषी गरी जम्मा ६० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । प्रस्तुत तालिका अनुसार दृष्टांश गद्यांशमा सबै भन्दा बढी अङ्क ल्याउने नेपाली मातृभाषी विद्यार्थीले ८५% र कम ल्याउनेले ४०% ल्याएको छ भने दोस्रो भाषीमा बढी ल्याउनेले ७५% र कम ल्याउनेले ४०% ल्याएको छ । अदृष्टांश गद्यांशमा बढी प्रतिशत ल्याउने नेपाली मातृभाषीले ९०% र कम ल्याउनेले ३५% र दोस्रो भाषीमा बढी ल्याउनले ८०% र कम ल्याउनेले ३०% प्राप्ताङ्क ल्याएको देखिन्छ । केहि विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशत भने नेपाली मातृभाषी र दोस्रो भाषीको बढी रहेको पाइन्छ । केहि मातृमाषी नेपाली र दोस्रो भाषीको दृष्टांश तथा अदृष्टांश गद्यांशमा भने समान प्राप्ताङ्क रहेको पाइन्छ ।

उल्लेखित तालिका अनुसार समग्र प्राप्ताङ्क प्रतिशतलाई हेर्ने हो भने दृष्टांश गद्यांशमा नेपाली मातृभाषी विद्यार्थीले दोस्रो भाषीको तुलनामा बढी प्रतिशत ल्याएको देखिन्छ । अदृष्टांश गद्यांशमा पनि दोस्रो भाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीले नै बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । यसरी समग्र प्राप्ताङ्क प्रतिशतलाई हेर्ने हो भने दोस्रो भाषीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीले नै बढी प्रतिशत ल्याएको देखिन्छ । त्यसैले दोस्रो भाषीको भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठन बोध क्षमता बढी रहेको देखिन्छ ।

## ४.२ लैङ्गिक आधारमा छात्रछात्राहरूको पठन बोध क्षमताको तुलनात्मक स्थिति

| (क) छात्र विद्यार्थीहरू | | | | (ख) छात्रा विद्यार्थीहरू | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यार्थीको नाम | दृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | क्र.सं. | विद्यार्थीको नाम | दृष्टांश गद्यांश प्रप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत |
| १ | गणेश कार्की | ८०% | ७०% | १ | निरूता अधिकारी | ७०% | ६५% |
| २ | सुवास लिम्बू | ६५% | ६०% | २ | पूजा गिरी | ५५% | ५०% |
| ३ | सनम थेबे | ६०% | ६५% | ३ | हेमकला भण्डारी | ८०% | ६५% |
| ४ | धनकुमार थेबे | ७०% | ५५% | ४ | सेविका राई | ५०% | ३५% |
| ५ | सुजन घतानी | ४५% | ४०% | ५ | कल्पना थेबे | ६०% | ४५% |
| ६ | मन्तोष लकान्द्री | ५०% | ५५% | ६ | रमादेवी ढकाल | ७५% | ८५% |
| ७ | हिमाल बुडाथोकी | ८०% | ८०% | ७ | प्रसम्सा ढुङ्गाना | ६५% | ७०% |
| ८ | मदन तिम्सिना | ५५% | ६०% | ८ | माया मगर | ७०% | ६५% |
| ९ | सुवास ताम्लिङ | ६५% | ७०% | ९ | टिका ताम्लिङ | ६०% | ५०% |
| १० | राजकुमार इदिङ्गो | ५५% | ५५% | १० | सुनिता लिङ्देन | ५५% | ६०% |
| ११ | पुकार पौडेल | ४०% | ३५% | ११ | दिपा ढकाल | ७५% | ७०% |
| १२ | राजन भट्टराई | ७५% | ६५% | १२ | हेमकला प्याकुरेल | ८०% | ७५% |
| १३ | निङ्लामु शेर्पा | ६०% | ५५% | १३ | अमृता नेपाली | ५५% | ६५% |
| १४ | सुनिल शेर्पा | ३५% | ५५% | १४ | अस्मिता थाङ्देन | ४०% | ३०% |
| १५ | रोजन वनेम | ५०% | ६०% | १५ | अनिता लिम्बू | ६५% | ७०% |
| १६ | गोपाल गौतम | ८५% | ८०% | १६ | अन्जु निरौला | ८०% | ७५% |
| १७ | हरि भट्टराई | ७०% | ७०% | १७ | पार्वता भारती | ५५% | ५५% |
| १८ | जापान मादेन | ७५% | ७०% | १८ | भावना निरौला | ५५% | ६०% |
| १९ | विनोद वनेम | ५५% | ६०% | १९ | ललिता नुगो | ५०% | ४५% |
| २० | विरेन्द्र मादेन | ६५% | ५५% | २० | कविता लिम्बू | ६०% | ६०% |
| २१ | भुवन भट्टराई | ५०% | ६५% | २१ | सर्मिला पौडेल | ७०% | ६५% |
| २२ | नविन कार्की | ६५% | ५५% | २२ | सृजना गौतम | ४५% | ४५% |
| २३ | कुमार दाहाल | ८५% | ९०% | २३ | ममता गुरूङ | ६५% | ५०% |
| २४ | आइतराज हाङ्गाम | ६५% | ७०% | २४ | हेमकला नाल्वु | ७०% | ८०% |
| २५ | दुर्गा गुरूङ | ६०% | ५०% | २५ | जुनिता केदेम | ४५% | ६०% |
| २६ | सुरज ओझा | ७०% | ६५% | २६ | रूपा श्रेष्ठ | ५०% | ५५% |
| २७ | विपन गौतम | ६०% | ६०% | २७ | कविता भट्टराई | ५५% | ५०% |
| २८ | अरूण निरौला | ५५% | ७०% | २८ | सर्मिला शेर्पा | ५०% | ५५% |
| २९ | पेम्बा शेर्पा | ६०% | ६०% | २९ | प्रतिमा राई | ४५% | ४०% |
| ३० | खेमराज योङ्हाङ | ४०% | ५०% | ३० | मनिता इजम | ६५% | ६५% |

माथि उल्लेखित तालिकामा छनोट गरिएका उच्च माध्यमिक विद्यालय कक्षा एघारका ३० जना छात्र र ३० जना छात्राहरूको प्राप्ताङ्क प्रतिशतलाई अध्याय तिनमा उल्लेख गरिएको प्राप्ताङ्क प्रतिशतको आधारमा तुलनात्मक स्थितिलाई देखाइएको छ । प्रस्तुत तालिका अनुसार दृष्टांश गद्यांशमा सबै भन्दा बढी प्राप्ताङ्क प्रतिशत ल्याउने छात्रले ८५% र कम ल्याउनेले ३५% ल्याएको छ भने छात्रातर्फ बढी ल्याउनेले ८०% र कम ल्याउनेले ४०% ल्याएको देखिन्छ । यसै गरी अदृष्टांश गद्यांशमा सबै भन्दा बढी ल्याउने छात्रले ९०% र कम ल्याउनेले ३५% तथा छात्रातर्फ बढी ल्याउनेले ८५% र कम ल्याउनेले ३०% ल्याएको देखिन्छ । समग्रमा छात्रहरूले दृष्टांश तथा अदृष्टांश गद्यांशमा समान प्राप्ताङ्क प्रतिशत ल्याएको देखिन्छ भने छात्राहरूले भने दृष्टांशको भन्दा अदृष्टांशमा केहि बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । समग्र प्राप्ताङ्क प्रतिशतलाई हेर्ने हो भने दृष्टांश तथा अदृष्टांश दुवै गद्यांशमा छात्राहरूको भन्दा छात्रहरूको प्राप्ताङ्क प्रतिशत बढी रहेको छ । त्यसैले छात्राहरूको भन्दा छात्रहरूको पठन बोध क्षमता राम्रो रहेको देखिन्छ ।

### ४.३ प्रकृतिका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमताको तुलनात्मक स्थिति

| (क) सामुदायिक विद्यालयका विद्यार्थीहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यार्थीको नाम | दृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | क्र.सं. | विद्यार्थीकोनाम | दृष्टांश गद्यांश प्रप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत |
| १ | गणेश कार्की | ८०% | ७०% | २१ | सुवास लिम्बू | ६५% | ६०% |
| २ | सुजन घतानी | ४५% | ४०% | २२ | सनम थेबे | ६०% | ६५% |
| ३ | निरूता अधिकारी | ७०% | ६५% | २३ | धनकुमार थेबे | ७०% | ५५% |
| ४ | पूजा गिरी | ५५% | ५०% | २४ | सेविका राई | ५०% | ३५% |
| ५ | हेमकला भण्डारी | ८०% | ६५% | २५ | कल्पना थेबे | ६०% | ४५% |
| ६ | मन्तोष लकान्द्री | ५०% | ५५% | २६ | सुवास ताम्लिङ | ६५% | ७०% |
| ७ | हिमाल बुडाथोकी | ८०% | ८०% | २७ | राजकुमार इदिङ्गो | ५५% | ५५% |
| ८ | मदन तिम्सिना | ५५% | ६०% | २८ | माया मगर | ७०% | ६५% |
| ९ | रमादेवी ढकाल | ७५% | ८५% | २९ | टिका ताम्लिङ | ६०% | ५०% |
| १० | प्रसम्सा ढुङ्गाना | ६५% | ७०% | ३० | सुनिता लिङ्देन | ५५% | ६०% |
| ११ | पुकार पौडेल | ४०% | ३५% | ३१ | निङ्लामु शेर्पा | ६०% | ५५% |
| १२ | राजन भट्टराई | ७५% | ६५% | ३२ | रोजन वनेम | ५०% | ६०% |
| १३ | रूपा श्रेष्ठ | ५०% | ५५% | ३३ | सुनिल शेर्पा | ३५% | ५५% |
| १४ | कविता भट्टराई | ५५% | ५०% | ३४ | अस्मिता थाङ्देन | ४०% | ३०% |
| १५ | सृजना गौतम | ४५% | ४५% | ३५ | अनिता लिम्बू | ६५% | ७०% |
| १६ | गोपाल गौतम | ८५% | ८०% | ३६ | जापान मादेन | ७५% | ७०% |
| १७ | हरी भट्टराई | ७०% | ७०% | ३७ | विनोद वनेम | ५५% | ६०% |
| १८ | हेमकला प्याकुरेल | ८०% | ७५% | ३८ | विरेन्द्र मादेन | ६५% | ५५% |
| १९ | अमृता नेपाली | ५५% | ६५% | ३९ | ललिता नुगो | ५०% | ४५% |
| २० | दिपा ढकाल | ७५% | ७०% | ४० | कविता लिम्बू | ६०% | ६०% |
| | | | | | | | |

| (ख) संस्थागत विद्यालयका विद्यार्थीहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विद्यार्थीको नाम | दृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | क्र. सं. | विद्यार्थीकोनाम | दृष्टांश गद्यांश प्रप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत |
| १ | आइतराज हाङ्गाम | ६५% | ७०% | ११ | अन्जु निरौला | ८०% | ७५% |
| २ | भुवन भट्टराई | ५०% | ६५% | १२ | ममता गुरूङ | ६५% | ५०% |
| ३ | नविन कार्की | ६५% | ५५% | १३ | जुनिता केदेम | ४५% | ६०% |
| ४ | दुर्गा गुरूङ | ६०% | ५०% | १४ | हेमकला नाल्वु | ७०% | ८०% |
| ५ | कुमार दाहाल | ८५% | ९०% | १५ | पार्वता भारती | ५५% | ५५% |
| ६ | सुरज ओझा | ७०% | ६५% | १६ | पेम्बा शेर्पा | ६०% | ६०% |
| ७ | विपन गौतम | ६०% | ६०% | १७ | खेमराज योङ्हाङ | ४०% | ५०% |
| ८ | अरूण निरौला | ५५% | ७०% | १८ | सर्मिला शेर्पा | ५०% | ५५% |
| ९ | भावना निरौला | ५५% | ६०% | १९ | प्रतिमा राई | ४५% | ४०% |
| १० | सर्मिला पौडेल | ७०% | ६५% | २० | मनिता इजम | ६५% | ६५% |

प्रस्तुत तालिकामा अध्याय तिनमा उल्लेख गरिएका उच्च माध्यमिक तह कक्षा एघारका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको दृष्टांश तथा अदृष्टांश गद्यांशको प्राप्ताङ्क प्रतिशतलाई उल्लेख गरिएको छ । जसमा छनोट गरिएका विद्यालयमा ४ वटा समुदायिक र २ संस्थागत विद्यालय रहेका थिए । जसमा दृष्टांश गद्यांशमा सामुदायिक विद्यालयतर्फ बढी प्रतिशत ल्याउने विद्यार्थीले ८५% र कम ल्याउनेले ३५% ल्याएको छ भने संस्थागतमा बढी ल्याउनेले ८५% र कम ल्याउनेले ४०% ल्याएको छ । अदृष्टांश गद्यांशमा सामुदायिक विद्यालयतर्फ बढी प्रतिशत ल्याउनेले ८५% र कम ल्याउनेले ३०% ल्याएको छ भने संस्थागततर्फ बढी ल्याउनेले ९०% र कम ल्याउनेले ५०% ल्याएको देखिन्छ । यसरी हेर्दा समुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशत बढी रहेको देखिन्छ । जसले गर्दा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता राम्रो रहेको देखिन्छ ।

### ४.४ स्थानीयताका आधारमा ग्रामीण तथा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमताको तुलनात्मक स्थिति

| ग्रामीण क्षेत्रका विद्यालयका विद्यार्थीहरू | | | | सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरू | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विद्यार्थीको नाम | दृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत | क्र. सं. | विद्यार्थीको नाम | दृष्टांश गद्यांश प्रप्ताङ्क प्रतिशत | अदृष्टांश गद्यांश प्राप्ताङ्क प्रतिशत |
| १ | गणेश कार्की | ८०% | ७०% | १ | गोपाल गौतम | ८५% | ८०% |
| २ | सुजन घतानी | ४५% | ४०% | २ | हरी भट्टराई | ७०% | ७०% |
| ३ | निरूता अधिकारी | ७०% | ६५% | ३ | हेमकला प्याकुरेल | ८०% | ७५% |
| ४ | पूजा गिरी | ५५% | ५०% | ४ | अमृता नेपाली | ५५% | ६५% |
| ५ | हेमकला भण्डारी | ८०% | ६५% | ५ | दिपा ढकाल | ७५% | ७०% |
| ६ | मन्तोष लकान्द्री | ५०% | ५५% | ६ | भुवन भट्टराई | ५०% | ६५% |
| ७ | हिमाल बुडाथोकी | ८०% | ८०% | ७ | नविन कार्की | ६५% | ५५% |
| ८ | मदन तिम्सिना | ५५% | ६०% | ८ | कुमार दाहाल | ८५% | ९०% |
| ९ | रमादेवी ढकाल | ७५% | ८५% | ९ | अन्जु निरौला | ८०% | ७५% |
| १० | प्रसम्सा ढुङ्गाना | ६५% | ७०% | १० | पार्वता भारती | ५५% | ५५% |
| ११ | पुकार पौडेल | ४०% | ३५% | ११ | सुरज ओझा | ७०% | ६५% |
| १२ | राजन भट्टराई | ७५% | ६५% | १२ | विपन गौतम | ६०% | ६०% |
| १३ | रूपा श्रेष्ठ | ५०% | ५५% | १३ | अरूण निरौला | ५५% | ७०% |
| १४ | कविता भट्टराई | ५५% | ५०% | १४ | भावना निरौला | ५५% | ६०% |
| १५ | सृजना गौतम | ४५% | ४५% | १५ | सर्मिला पौडेल | ७०% | ६५% |
| १६ | सुवास लिम्बू | ६५% | ६०% | १६ | जापान मादेन | ७५% | ७०% |
| १७ | सनम थेबे | ६०% | ६५% | १७ | विनोद वनेम | ५५% | ६०% |
| १८ | धनकुमार थेबे | ७०% | ५५% | १८ | विरेन्द्र मादेन | ६५% | ५५% |
| १९ | सेविका राई | ५०% | ३५% | १९ | ललिता नुगो | ५०% | ४५% |
| २० | कल्पना थेबे | ६०% | ४५% | २० | कविता लिम्बू | ६०% | ६०% |
| २१ | सुमन ताम्लिङ | ६५% | ७०% | २१ | पेम्बा शेर्पा | ६०% | ६०% |
| २२ | राजकुमार इदिङ्गो | ५५% | ५५% | २२ | खेमराज योङ्हाङ | ४०% | ४५% |
| २३ | माया मगर | ७०% | ६५% | २३ | सर्मिला शेर्पा | ५०% | ५५% |
| २४ | टिका ताम्लिङ | ६०% | ५०% | २४ | प्रतिमा राई | ४५% | ४०% |
| २५ | सुनिता लिङ्देन | ५५% | ६०% | २५ | मनिता इजम | ६५% | ६५% |
| २६ | निङ्लामु शेर्पा | ६०% | ५५% | २६ | आइतराज हाङ्गाम | ७५% | ७०% |
| २७ | रोजन वनेम | ५०% | ६०% | २७ | दुर्गा गुरूङ | ६०% | ५०% |
| २८ | सुनिल शेर्पा | ३५% | ५५% | २८ | ममता गुरूङ | ६५% | ५०% |
| २९ | अस्मिता थाङ्देन | ४०% | ३०% | २९ | हेमकला नाल्वु | ७०% | ८०% |
| ३० | अनिता लिम्बू | ६५% | ७०% | ३० | जुनिता केदेम | ४५% | ६०% |

प्रस्तुत तालिकामा अध्याय तिनमा व्याख्या विश्लेषण गरिएका उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत ग्रामीण तथा सहरीक्षेत्रका विद्यार्थीहरूले दृष्टांश तथा अदृष्टांश गद्यांशमा प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतलाई उल्लेख गरिएको छ । जसमा छनोट गरिएका विद्यालय मध्ये तिनवटा ग्रामीण र तिनवटा सहरी क्षेत्र गरी जम्मा ६ वटा विद्यालय रहेका छन् । जसमध्ये ग्रामीण क्षेत्रका ३० जना र सहरी क्षेत्रका ३० जना गरेर जम्मा ६० जना विद्यार्थीहरू रहेका छन् । यहाँ उल्लेखित विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा तुलनात्मक स्थितिलाई प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार दृष्टांश गद्यांशमा ग्रामीण क्षेत्रको सबै भन्दा बढी प्रतिशत ल्याउने विद्यार्थीले ८०% र कम ल्याउनेले ३५% ल्याएको देखिन्छ भने सहरी क्षेत्रमा बढी ल्याउने विद्यार्थीले ८५% र कम ल्याउनेले ४० % प्राप्ताङ्क प्रतिशत ल्याएको देखिन्छ । अदृष्टांश गद्यांशमा ग्रामीण क्षेत्रको बढी ल्याउने विद्यार्थीले ८५% र कम ल्याउनेले ३०% प्राप्ताङ्क ल्याएको देखिन्छ भने सहरी क्षेत्रका विद्यार्थीतर्फ बढी ल्याउनेले ९०% र कम ल्याउनेले ४०% ल्याएको देखिन्छ । यसरी हेर्दा ग्रामीण क्षेत्रको समग्र प्राप्ताङ्क भन्दा सहरी क्षेत्रको प्राप्ताङ्क प्रतिशत केहि बढी रहेको देखिन्छ ।

## ४.५ सारांश

पठन बोध क्षमताको भाषिक पृष्ठभूमिका आधारमा तुलनात्मक अध्ययन विश्लेषण गर्दा दृष्टांश तथा अदृष्टांश दुवै गद्यांशमा मातृभाषी विद्यार्थीले दोस्रो भाषीको तुलनामा बढी प्रतिशत प्रप्ताङ्क ल्याएको देखिन्छ । जसबाट दोस्रो भाषीको भन्दा नेपाली मातृभाषीको पठन बोध क्षमता बढी रहेको देखिन्छ । लैङ्गिक आधारमा छात्र तथा छात्राहरूको समग्र प्रप्ताङ्क प्रतिशतलाई हेर्ने हो भने दुवै गद्यांशमा छात्राहरूको भन्दा छात्रहरूको केहि बढी प्रतिशत अङ्क ल्याएको देखिन्छ । विद्यालयको प्रकृतिका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थीहरूको समग्र प्राप्ताङ्क प्रतिशतलाई हेर्ने हो भने सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूले केहि बढी प्रतिशत अङ्क ल्याएको देखिन्छ । यसरी नै ग्रामीण तथा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको समग्र प्राप्ताङ्क प्रतिशतलाई हेर्ने हो भने ग्रामीण क्षेत्रका विद्यालयका विद्यार्थीको भन्दा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशत केहि बढी रहेको देखिन्छ । त्यसैले ग्रामीण क्षेत्रको भन्दा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय पाँच

# उपसंहार

## ५.१ निष्कर्ष

### ५.१.१ सबल पक्षहरू

**यस अध्ययनका निम्न लिखित सबल पक्षहरू रहेका छन् :**

१. उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमता थाहा पाउनु ,

२. कक्षा एघारमा अध्ययनरत छात्रछात्राको पठन बोध क्षमताको स्थिति पत्ता लाग्नु ,

३. नेपाली मातृभाषी र दोस्रो भाषीको पठन बोध क्षमताको स्थिति थाहा पाउनु ,

४. संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनवोध क्षमता पत्तालाग्नु ,

५. ग्रामीण तथा सहरीक्षेत्रका विद्यार्थीहरूको पठन बोध क्षमताको जानकारी प्राप्त हुनु ,

६. विद्यार्थीहरूको दृष्टांश तथा अदृष्टांश गद्यांश बिचको पठन बोध क्षमताको स्थिति थाहा पाइनु ,

७. व्यापक जनसङ्ख्यालाई आधार बनाई नमुना छनोट गरी विश्लेषण गर्न सहज हुनु ,

८. सरल तथा सहज साङ्ख्यिकीयको प्रयोग गरी विद्यार्थीहरूबाट प्राप्त प्राप्ताङ्कको आधारमा अध्ययन विश्लेषण गर्न सहज हुनु आदि ।

### ५.१.२ दुर्बल पक्षहरू

१. नमुना छनोटमा कठिनाइ हुनु ,

२. चलहरूको नियन्त्रण, छनोट तथा सामग्री सङ्कलनमा कठिनाइ हुनु ,

३. अध्ययनबाट सम्बन्धित तहका सम्पूर्ण व्यक्तिको वास्तविक पठन बोध क्षमता पत्ता नलाग्नु ,

४. अध्ययनका क्रममा बढी समय, श्रम र खर्चको आवश्यकता पर्नु ,

५. सीमित तथ्याङ्कका आधारमा सम्पूर्ण विद्यार्थीको पक्षलाई विश्लेषण गर्दा वास्तविकता थाहा नहुनु आदि ।

**प्रस्तुत अध्ययनबाट उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध सम्बन्धी क्षमताको निष्कर्ष प्रस्तुत गरिएको छ :**

प्रस्तुत अध्ययन पुरा गर्नकालागि दुईवटा गद्यांश (दृष्टांश र अदृष्टांश) सोधिएकोमा कोहि विद्यार्थीले दृष्टांशमा राम्रो प्राप्ताङ्क ल्याएको देखिन्छ भने कोहिले अदृष्टांशमा राम्रो अङ्क ल्याएको देखिन्छ । छात्र तथा छात्राको प्राप्ताङ्क प्रतिशतलाई हेर्दा कुनै गद्यांशमा छात्राको बढी र कुनै गद्यांशमा छात्रको बढी प्राप्ताङ्क रहेको देखिन्छ । समग्रमा उक्त प्राप्ताङ्क लगभग बराबरै रहेको मान्न सकिन्छ । नेपाली मातृभाषी तथा दोस्रो भाषी विद्यार्थीहरूको प्राप्ताङ्कलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीकै बढी प्रतिशत प्राप्ताङ्क रहेको देखिन्छ । ग्रामीण क्षेत्रका उच्च माध्यमिक विद्यालय कक्षा एघारका विद्यार्थीहरूको पठन बोध क्षमताको प्राप्ताङ्क तालिका हेर्दा एक दुई जना विद्यार्थी बाहेक सबै विद्यार्थीहरूको पठन बोध क्षमता राम्रै रहेको देखिन्छ । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थीको प्राप्ताङ्क राम्रो देखिएको छ । तापनि सामुदायिक विद्यालयका विद्यार्थीको प्राप्ताङ्क पनि सन्तोषजनक नै देखिन्छ । यस क्षेत्रका उच्च माध्यमिक विद्यालयका विद्यार्थीको प्राप्ताङ्क दृष्टांश गद्यांशमा ३५% देखि ८०% र अदृष्टांशमा ३०% देखि ८५% सम्म रहेको भएता पनि समग्रमा अदृष्टांशमा भन्दा दृष्टांशमा केहि बढी प्रतिशत प्राप्ताङ्क ल्याएको देखिन्छ

दृष्टांश तथा अदृष्टांश गद्यांश सोधिएकोमा केहि विद्यार्थीले दृष्टांशमा बढी र कोहिले अदृष्टांश गद्यांशमा बढी अङ्क ल्याएको देखिन्छ । संस्थागत र सामुदायिक विद्यार्थीहरूको प्राप्ताङ्क हेर्ने हो भने सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीले केहि बढी प्राप्ताङ्क ल्याएको देखिन्छ । नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूको प्राप्ताङ्कलाई हेर्दा दुवै गद्यांशमा मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्क राम्रो छ भने देस्रो भाषी विद्यार्थीको प्राप्ताङ्क केहि कम रहेता पनि सन्तोषजनक नै रहेको पाइन्छ । छात्र तथा छात्राको प्राप्ताङ्क प्रतिशतलाई हेर्दा छात्राको भन्दा छात्रको केहि राम्रो प्राप्ताङ्क रहेको देखिए पनि छात्राको प्राप्ताङ्क पनि राम्रै मान्न सकिन्छ । ग्रामीण क्षेत्रका विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको प्राप्ताङ्क प्रतिशतलाई हेर्दा दृष्टांश गद्यांशमा ३५% देखि ८०% र अदृष्टांश गद्यांशमा ३०% देखि ८५% अङ्क ल्याएको देखिन्छ । सहरी क्षेत्रका उच्च माध्यमिक विद्यालय कक्षा एघारका विद्यार्थीहरूको पठन बोध क्षमताको प्राप्ताङ्क तालिकालाई हेर्दा केहि विद्यार्थीको बाहेक अन्य सबैको पठन बोध क्षमता राम्रै रहेको देख्न सकिन्छ । यस उच्च माध्यमिक विद्यालय कक्षा एघारका विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशत दृष्टांशमा ४०% वा ४ अङ्क देखि ८५% वा ८.५ अङ्क र अदृष्टांशमा ४०% वा ४ अङ्क देखि ९५% वा ९.५ अङ्क ल्याएको देखिएता पनि समग्रमा दृष्टांश र अदृष्टांशको प्राप्ताङ्क प्रतिशत समान रहेको देखिन्छ ।

**समग्र अध्ययनका आधारमा निम्न लिखित निष्कर्ष प्रस्तुत गर्न सकिन्छ :**

१. भाषिक पृष्ठभूमिका आधारमा कुनै उच्च माध्यमिक विद्यालयका नेपाली मातृभाषी विद्यार्थीको पठन बोध क्षमता राम्रो देखिन्छ भने कुनै उच्च माध्यमिक विद्यालयका दोस्रो भाषीको पठन बोध क्षमता राम्रो रहेको पाइन्छ ।

२. लैङ्गिक दृष्टिले हेर्ने हो भने पनि कुनै उच्च माध्यमिक विद्यालयमा छात्राको केहि राम्रो र कुनै उच्च माध्यमिक विद्यालयमा छात्रको राम्रो प्राप्ताङ्क आएको देखिन्छ ।

३. समग्रमा संस्थागत विद्यालय र सामुदायिक उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमता प्राप्ताङ्क प्रतिशतमा सामान्य अन्तर रहेको पाइन्छ ।

४. स्थानीयताका आधारमा ग्रामीण तथा सहरी क्षेत्रका विद्यार्थीहरू बिचको पठन बोध क्षमतामा सामान्य अन्तर रहेको पाइन्छ ।

५. दृष्टांश तथा अदृष्टांश गद्यांशको प्राप्ताङ्कलाई हेर्दा अदृष्टांशमा भन्दा दृष्टांश गद्यांशको प्राप्ताङ्क प्रतिशत राम्रो रहेको देखिन्छ ।

६. दुवै गद्यांशको प्राप्ताङ्क प्रतिशत सन्तोषजनक देखिनुले पठन बोध क्षमता राम्रै रहेको पाइन्छ ।

७. समग्र विद्यार्थीहरूको पठन बोध क्षमताको प्रतिशतलाई हेर्दा प्रायः सबै विद्यार्थीको प्राप्ताङ्क प्रतिशत सन्तोषजनक रहेको देखिन्छ ।

## ५.२ सुझाव

उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ :

१. भाषिक दृष्टिले नेपाली मातृभाषी भन्दा दोस्रो भाषी विद्यार्थीको पठन बोध क्षमता कमजोर रहेकाले दोस्रो भाषी विद्यार्थीलाई पठन बोध क्षमता विकासको लागि अभ्यास तथा पुनरावृत्तिमा बढी जोड दिनु पर्ने देखिन्छ ,

२. सहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका विद्यार्थीहरूको पठन बोध क्षमता कमजोर रहेका कारण उक्त ग्रामीण क्षेत्रका विद्यार्थीलाई पर्याप्त रूपमा सन्दर्भ सामग्री, शैक्षिक सामग्री तथा पत्रपत्रिकाहरू जस्ता ज्ञानबर्दक पाठ्यसामग्रीहरू उपलब्ध गराएर पढ्ने अवसर बढी प्रदान गरिनु पर्दछ ,

३. ग्रामीण भेगका उच्च माध्यमिक विद्यालयमा आधुनिक शैक्षिक सामग्री लगायत नयाँ शिक्षण प्रविधि अपनाइ शिक्षण गरेमा विद्यार्थीहरूको शैक्षिक स्तर सुधार गर्न सकिने देखिन्छ ,

४. लैङ्गिक दृष्टिले पनि छात्रहरूको भन्दा छात्राको पठन बोध क्षमता केहि कम भएकाले छात्राहरूलाई पनि आत्माबल वृद्धिमा सचेत तथा सजक गराउनु पर्ने देखिन्छ ,

५. संस्थागत र सामुदायिक विद्यार्थीहरू बिच तुलना गर्दा संस्थागत भन्दा सामुदायिक विद्यार्थीहरू कमजोर रहेको देखिएकाले सो कमजोरी हटाउनका लागि तालिम प्राप्त शिक्षक, शैक्षिक सामग्रीको उपलब्धता तथा विद्यालयको आन्तरिक तथा बाह्य वातावरणमा सुधार ल्याउनुपर्ने हुन्छ,

६. ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीहरूको शैक्षिक स्तर बढाउन विविध शैक्षिक सामग्रीको उपयोग सहित शैक्षिक कार्यक्रम शैक्षिक भ्रमण तथा विद्यार्थीबिचमा प्रतिस्पर्धात्मक कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन जान्छ ,

७. दृष्टांश तथा अदृष्टांश गद्यांशको पठन बोध क्षमता अभिबृद्धिका लागि उच्च माध्यमिक विद्यालयहरूमा समय समयमा शैक्षिक सामग्रीको उपलब्धता तथा पाठ्य सामग्रीको उपलब्धतालाई ध्यान दिएर तालिम प्राप्त शिक्षकद्वारा शिक्षण गराएमा विद्यार्थीको पठन बोध क्षमतामा अभिवृद्धि हुने देखिन्छ ,

८. विद्यार्थीहरूले पनि नियमित विद्यालयमा उपस्थित भई अध्ययनमा सजक तथा सचेत भएमा पठन बोध क्षमतामा वृद्धि हुनजाने देखिन्छ ,

९. सामग्री छनोट तथा शिक्षणकलाले पठन बोध क्षमतामा प्रभाव पार्ने भएकाले यसको विकासका लागि तालिम प्राप्त दक्ष शिक्षक र निरन्तर सुपरिवेक्षणको व्यवस्था हुनुपर्ने देखिन्छ ।

## ५.३ शैक्षिक प्रयोजन

**प्रस्तुत अध्ययनलाई निम्न लिखित शैक्षिक प्रयोजनका लागि उपयोग गर्न सकिन्छ :**

१. प्रस्तुत अध्ययनबाट नेपाली भाषा पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माण, परिस्कार र परिमार्जन गर्न सहयोग मिल्नेछ ,

२. उच्च माध्यमिक तहका पाठ्य पुस्तकहरू निर्माण गर्दा विद्यार्थीको मनोविज्ञानलाई ख्यालगरी उनिहरूको रुचि एवम् इच्छा अनुसारका पाठ्य पुस्तक निर्माण गर्नु पर्दछ भन्ने कुरामा सहयोग मिल्नेछ ,

३. भाषा पाठ्य पुस्तक निर्माण गर्दा पाठ्य पुस्तकमा समावेस गरिने भाषिक सिपहरू विद्यार्थीहरूको क्षेत्र, लिङ्ग, स्थानीयता, भाषिक पृष्ठभूमि, उमेर आदि कुरामा विशेष ध्यान दिएर समावेस गर्नु पर्दछ भन्ने कुरामा सचेत बनाउँछ ,

४. भाषा शिक्षणका विधि तथा पद्धतिहरूमा थप सहयोग गर्नेछ ,

५. पठन बोध शिक्षणको महत्त्वका बारेमा स्पष्ट पार्दै पठन बोध क्षमताको मूल्याङ्कन गर्न सहयोग गर्नेछ ,

६. भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्येतालाई सहयोग गर्नेछ ,

७. पठन बोध क्षमतासँग सम्बन्धित अन्य अनुसन्धानका लागि आधार बन्नेछ ।

## ५.३ भावी अध्ययनका सम्भावित शीर्षकहरू :

१. कक्षा  दसमा अध्ययनरत विद्यार्थीको श्रुतिबोध  क्षमताको अध्ययन,

२. सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बिचको श्रुतिबोध  क्षमताको तुलनात्मक अध्ययन ,

३. पठन बोध क्षमता विकासका लागि प्रयोग हुने शिक्षण विधिहरूको अध्ययन,

४. उमेरगत आधारमा पठन बोध क्षमता विकासको लागि कक्षामा प्रयोग हुने शिक्षण विधिको अध्ययन ,

५. ग्रामीण तथा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध  क्षमताको अध्ययन,

६. कक्षा १२ मा अध्ययनरत विद्यार्थीको पद्यांश पठन बोध क्षमताको अध्ययन,

७. कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध  क्षमताको अध्ययन,

८. प्राथमिक विद्यालय अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन ।

## सन्दर्भ ग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०५७), **भाषा शिक्षण : केहि पररिप्रेक्ष्य तथा पद्धति**, ते.सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

———— (२०६३), **नेपाली भाषा शिक्षण**, आ.सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

———— र केदारप्रसाद शर्मा (२०६७), **प्रारम्भिक नेपाली शिक्षण**, संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

———— र बद्रीविशाल भट्टराई, (२०६८), **प्रायोगात्मक नेपाली शब्दकोश**, चौ. सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आङ्देम्बे, खड्गनारायण (२०६६), **लिम्बू र नेपाली भाषाका व्याकरणात्मक कोटिहरूको तुलनात्मक अध्ययन**, त्रि.वि.वि., शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस, ताहाचलमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

आचार्य, हेमप्रसाद (२०५९), **कक्षा ५ पुरा गरेका विद्यार्थीहरूको शब्द भण्डार क्षमताको अध्ययन**, त्रि.वि.वि., शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र

उपाध्याय, गुरुप्रसाद (२०६०), **कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन**, त्रि.वि.वि शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र।

कट्वाल, कविता (२०६६), **कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको तुलनात्मक अध्ययन,** त्रि.वि.वि.,शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

के.सी. नवराज (२०६४), **लमजुङ जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन**, त्रि.वि.वि.,शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

ज्ञवाली, कृष्णप्रसाद (२०६३), **कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन**, त्रि.वि.वि शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

ज्ञवाली, रामप्रसाद (दो.सं.२०६८), **उच्च माध्यमिक नेपाली व्याकरण**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

खड्का, हेमन्त (२०६४), **माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन**, त्रि.वि.वि., शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

खतिवडा, खेमनाथ (२०४९), **गोपालनिधि तिवारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** त्रि.वि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागमा प्रस्तुत शोधपत्र ।

खनाल, भोजकुमारी (२०६८), **इलाम जिल्लाका निम्न माध्यमिक तह (कक्षा ६) मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन**, त्रि.वि.वि., शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

खनिया, बुद्धराज र अन्य (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौं : जुपिटर प्रकाशन ।

गिरी, भीमसेन(२०६४), **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन**, त्रि.वि.वि., शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

जवरा, स्वयंप्रकाश र अन्य (२०५८), **शिक्षामा मापन तथा मूल्याङ्कन**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, लक्ष्मीप्रसाद (२०६८), **उ. मा. वि. तह कक्षा एघारको अनिवार्य नेपाली विषयको पाठ्यक्रम अध्ययन,** पाँचथर बहुमुखी क्याम्पसमा स्नातकोत्तर दोस्रो वर्षको ५९९ को आंशिक आवश्यकता पूर्तिको लागि प्रस्तुत कार्यक्रम मूल्याङ्कन ।

ढकाल, शान्तिप्रसाद (२०६६) **सामान्य भाषा विज्ञान**, ताहाचल, काठमाडौं : शुभ कामना प्रकाशन ।

ढुङ्गाना, तुलसीप्रसाद (२०६७), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम**, काठमाडौं : जुपिटर प्रकाशन तथा वितरक प्रा.लि ।

दाहाल, धनपति (२०६७), **झापा जिल्लाका उच्च माध्यमिक तह (कक्षा १२) मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन,** त्रि.वि.वि.,शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

निरौला, गोपाल (२०६८), **लर्न इङ्लिस एज अ सेकेन्ड ल्याङ्ग्वेज 'वेष्ट टिप्स'**, पाँचथर आलोक स्मारिका विशेषाङ्क, वर्ष-१, अङ्क-१, पाँचथर बहुमुखी क्याम्पस ।

ने. प्रं. प्र. (२०६७), **नेपाली बृहत् शब्दकोश**, सा.सं., काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

न्यौपाने, महेश्वर (२०५३), **साधरण नेपाली,** प्र.सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

(२०६५), **रूपार्थपरक व्याकरण**, सम्प्रेषण वार्षिक पत्रिका, अङ्क-५, त्रि.वि.वि., कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

पराजुली, ठाकुर र अन्य (२०६८) , **सबैको नेपाली कक्षा एघार**, ललितपुर : साझा प्रकाशन

पा. वि. के. (२०६७) **उच्च माध्यमिक तह कक्षा एघार अनिवार्य नेपाली विषयको पाठ्यक्रम**, सानोठिमी, भक्तपुर ।

पा. वि. के. (२०६७), **उच्च माध्यमिक तह कक्षा एघार अनिवार्य नेपाली विषयको विशिष्टीकरण तालिका**, सानोठिमी, भक्तपुर ।

पौडेल, दुर्गादेवी (२०६४), **लमजुङ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन**, त्रि.वि.वि.,शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, नेत्रप्रसाद (२०६६), **नेपाली भाषा शिक्षण,** काठमाडौं : पैरवी प्रकाशन ।

र तीर्थराज खतिवडा (२०६७), **नेपाली भाषा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण पद्धति**, काठमाडौं : पैरवी प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि**, ताहाचल, काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, गणेशप्रसाद (२०५६), **लेप्चा र नेपाली भाषाको तुलनात्मक अध्ययन**, त्रि.वि.वि.,वि. शिक्षाशास्त्र सङ्काय महेन्द्ररत्न क्याम्पस, ताहाचलमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

भण्डारी, पारसमणि र शक्तिराज नेपाल (२०६७), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, ओमप्रसाद (२०६४), **पठन बोधका लागि क्लोज र सी परीक्षण**, सम्प्रेषण, वार्षिक पत्रिका, अङ्क-४, त्रि.वि.वि., कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

लामिछाने, यादवप्रकाश (२०६७), **नेपाली भाषा शिक्षण परिचय**, संस्करण, काठमाडौं : विद्यार्थी पुस्तकभण्डार ।

(२०६८), **अनुसन्धान प्रस्ताव र यसका अङ्गहरू: सङ्क्षिप्त रुपरेखा** पाँचथर बहुमुखी क्याम्पसको स्नातकोत्तर दोस्रो वर्षको शोधपत्र लेखन अभिमुखीकरण कार्यक्रममा प्रस्तुत ।

लम्साल, रामचन्द्र र अन्य (२०५७), **नेपाली शिक्षा निर्देशिका** (कक्षा १०), काठमाडौं : पा.वि.के, सानोठिमी भक्तपुर ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : न्यू हिरा बुक्स, कीर्तिपुर ।

## परिशिष्ट (क)

## दृष्टांश गद्यांश

विद्यालयको नामः

| | | |
|---|---|---|
| विद्यार्थीको नामः | कक्षाः | समयः २० मि. |
| विषय : | रोल्नं.: | पूर्णाङ्कः १० |

तलको गद्यांश पढी मुख्य ५ वटा बुँदा टिपोट गर्नुहोस् ।  ५×२ = १०

शिक्षामा महिलाहरू पछि पर्नुमा आर्थिक तथा सामाजिक कारणहरू नै प्रमुख भए तापनि देशको भौगोलिक बनावट तथा विगतमा राजनीतिक कारण पनि रहेको थियो । शिक्षामा महिला सहभागिता कम हुनुको कारणहरूका रूपमा आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्परागत सामाजिक धारणा, अन्ध विश्वास तथा रूढिवाद, छिटो विवाह, घरायसी काममा महिलाको बढी संलग्नता आदिलाई लिन सकिन्छ । यस्तो अवस्थामा महिला शिक्षाको उपयुक्त विकासका लागि उल्लेखित कारणहरूलाई ध्यानमा राखेर योजना बनाई कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । खास गरी महिला शिक्षाप्रति रहेका नकारात्मक धारणा, अन्ध विश्वास, सामाजिक भेदभाव हटाई शैक्षिक चेतनामा अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरी सबैले पढ्न पाउने अधिकारको कदर गर्ने र छोरीहरूलाई स्कुल पठाउने कार्यमा समाजलाई अभिप्रेरित गरिनु आवश्यक छ । त्यसै गरी भौगोलिक दृष्टिले विकट र दुर्गम क्षेत्रहरूमा विद्यालय तथा अन्य शिक्षण संस्था खोल्ने कामलाई प्राथमिकता दिनु विपन्न वर्गका लागि आयमूलक कार्यक्रम तथा उपयुक्त रोजगारीको अवसर सृजना गरिनु आवश्यक देखिन्छ ।

१.

२.

३.

४.

५.

## परिशिष्ट 'ख'

## अदृष्टांश गद्यांश

**तलको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।** ५×२ = १०

विकासका निम्ति शान्ति सुव्यवस्था अपरिहार्य कुरा हो । यसलाई विकासका पूर्वाधार निर्माणको पूर्व सर्तको रूपमा लिइन्छ । अशान्ति, द्वन्द्व र असमझदारीका बिचमा विकास सम्भव छैन । शान्ति सुव्यवस्था कायम गर्नका लागि राज्यले विशेष पहल गर्नु जरुरी छ । राज्यमा शान्ति सुव्यवस्था कायम गर्न राज्यका सबै जिम्वेवार क्षेत्रबाट पहल हुनु पर्छ । देशमा शान्ति सुव्यवस्था कायम गरेर जनतामा सुरक्षाको भावना जगाउनु सर्वप्रथम राज्यको दायित्व हो । त्यसमा नागरिक समाज, सङ्घसंस्था र प्रत्येक नागरिकले सहयोग गर्नु पर्छ । आफ्नो अधिकार खोज्दा अरुको पनि अधिकार छ र त्यसको सम्मान गर्नुपर्छ भन्ने कुरा सोचिदिए मात्र पनि शान्ति स्थापनामा धेरै मद्दत पुग्दछ । देशमा शान्ति सुव्यवस्था कायम भयो भने शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, विद्युत्, खानेपानी, वाणिज्य जस्ता विकासका पूर्वाधारहरूको निर्माण गर्न सहज वातावरण प्राप्त हुन्छ । विद्यालय, विश्व विद्यालयहरू सञ्चालन हुन्छन् । तालिम केन्द्रहरू सञ्चालन हुन्छन् र प्रशस्त दक्ष जनशक्तिको आपूर्ति हुन्छ । संसारकै इतिहास हेर्ने हो भने जहाँ शान्ति छ, त्यहाँ विकास तीव्रगतिमा भइरहेको छ । जहाँ अशान्ति छ, त्यहाँ विनास मात्रै छ र विकास पछाडि परेको छ । त्यसैले देशमा शान्ति सुव्यवस्था कायम गर्नका लागि नागरिक समाज, राजनीतिक दल लगायत सरकारी र गैरसरकारी सङ्घसंस्थाको योगदान अत्यन्त महत्त्वपूर्ण रहन्छ । समाजका यिनै पक्षको सहयोगले मात्रै समाज तथा राष्ट्रको शान्ति सुव्यवस्था कायम हुन सक्छ । शान्ति सुव्यवस्था कायम भएमा मात्रै विकास अगाडि बढाउन सकिन्छ ।

**प्रश्नहरू :**

१) राज्यको दायित्व के हो ?

२) देशमा शान्ति सुव्यवस्था कायम भएमा के कस्ता कुरामा सहजता हुन्छ ?

३) समाजका कस्ता पक्षको सहयोगले राष्ट्रमा शान्ति सु-व्यवस्था कायम हुन्छ ?

४) सन्धि वा विग्रह गर

अति + अन्त, प्रत्येक

५) 'अपरिहार्य' र 'दायित्व' शब्दको अर्थ लेख ।